


एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




फेवाताल किनारमा पर्खाल

# भत्काउन गएको डोजर खोस्रेर फर्कियो



**अनुप पौडेल**
पोखरा, १० वैशाख

सौन्दर्यकरणको नाममा फेवाताल किनारमा लगाइएको रिटेनिङ पर्खालमा पोखरा महानगरपालिकाले शुक्रबार डोजर लगाएको छ । मापदण्ड नतोकिँदासम्म कुनै काम नगर्न महानगरले पटकपटक आग्रह गर्दा पनि अटेर गरेपछि डोजर चलाइएको हो ।

पोखरा १८ खपौंदीस्थित ताल किनारमा झन्डै डेढ सय मिटरको पर्खाल बनाइए पनि ५ मिटरमात्रै भत्काएर महानगरको डोजर फर्कियो । त्यसबाहेक १ ट्रिपर ढुंगामात्रै जफत गरेर महानगरले 'देखावटी काम' गरेको छ । पर्खालमा डोजर लगाउँदा स्थानीय र प्रहरीबीच झडपसमेत भयो । तर, कुनै अप्रिय दुर्घटना भने भएन । झडप हुने आँकलन गरेर नेपाल प्रहरी, नगर प्रहरी, सशस्त्र प्रहरी ६० जनाभन्दा बढी परिचालन गरिएको थियो ।

**जग्गाधनी विजयराज आचार्यले जम्मा गरेका युवाले अभियन्ता रामबहादुर पौडेललाई झन्डै कुटे**

जग्गाधनीले सौन्दर्यकरण गर्न अदालतको आदेश पाएको बताएपछि हाललाई पर्खाल भत्काउने काम रोकिएको महानगरको विपद् व्यवस्थापन तथा निरीक्षण महाशाखा प्रमुख नारायण शर्माले बताए । 'उहाँहरुले अदालतको अन्तरिम आदेश छ भनेपछि रोकिएको हो । तर, कार्यालयमा त्यो आइपुगेको छैन,' उनले भने, 'उहाँहरुलाई सबै डकुमेन्टसहित आइतबार आउन अनुरोध गरेका छौं ।' अदालतले नभत्काउन आदेश गरेको भए त्यही अनुसार प्रक्रिया अगाडि बढाइने शर्माले बताए ।

सेतु आचार्यको नाममा रहेको जग्गामा बनाइएको पर्खालमा डोजर लगाउँदा स्थानीय र प्रहरीबीच झडप भएको थियो । जग्गाधनीलाई महानगरले फेवातालको ४ किल्ला निर्धारण तथा सीमांकन समितिको काम नसकिँदासम्म कुनै काम अगाडि नबढाउन आग्रह गरेको थियो । तर, उनीहरुले पटकपटक अटेर गरिरहे । मेयर मानबहादुर जिसी, उपमेयर मन्जुदेवी गुरुङ सहितको टोलीले २८ मंसिरमा सोही ठाउँको पर्खाल भत्काएको थियो । त्यसअघि २७ मंसिरमा पनि कुनै संरचना नबनाउन ध्यानाकर्षण गराइएको थियो । रातारात फेरि पर्खाल ठडाउन थालिएपछि २८ मंसिरमा डोजर लगाएर भत्काइयो ।

पोखरा महानगरपालिकाका प्रतिनिधि, नगर प्रहरी, नेपाल प्रहरी शुक्रबार डोजर लगाउन पुग्दा हात हालाहाल नै भयो । जग्गाधनीले पहिल्यै केही युवाको जमात जम्मा गरेका थिए । ती युवा प्रहरी र डोजरमाथि ढुंगा हान्न खोजिरहेका थिए । जग्गाधनीका छोरा विजयराज आचार्यले जम्मा गरेका युवाले फेवाताल बचाउनुपर्छ भनेर लागिपरेका अभियन्ता रामबहादुर पौडेललाई कालोमोसो दल्ने धम्की दिएका थिए । ती युवाले पौडेलमाथि झन्डै कुटपिट गरेका थिए, अरुले पौडेललाई तानेर जोगाएका थिए ।

फेवातालको मापदण्ड नतोकिँदा ताल किनारमा संरचना बन्ने क्रम रोकिएको छैन । ताल किनारका जग्गाको लालपुर्जा भए पनि महानगरपालिकाले मापदण्ड तोक्न ढिला गरेको छ । पहिल्यै डोजर लगाइएको ठाउँमा अटेर गरेर पुनः काम गरिरहेका जग्गाधनी आफूहरु सौन्दर्यकरण गर्न पर्खाल लगाएको बताउँछन् । 'आफ्नो जग्गा संरक्षण गर्न कसैको अनुमति लिनुपर्छजस्तो लाग्दैन । सौन्दर्यकरण गर्ने हो भनेर विभिन्न निकायमा भनेका छौं,' जग्गाधनी विजयराज आचार्यले भने, 'यहाँ वरिपरि रेस्टुरेन्ट बनेका छन्, व्यवसाय चलिरहेको छ । हामीले व्यवसाय चलाउने उद्देश्यले पर्खाल लगाएको होइन ।' **बाँकी पृष्ठ ४**

# साढे ४ महिनासम्म बेवारिस विप्लव नेताको शव

## कारागारमा रहेका व्यक्तिको बिरामी परेर कसरी ज्यान गयो भन्ने यथार्थ नबुझी शव बुझ्न नसकिने परिवारको मागमा बेवास्ता

**अमृत सुवेदी**
पोखरा, १० वैशाख

पछिल्लो वर्ष पुसअघिका धेरैजसो महिना म्याग्दीका जगेन्द्र पुनले न घर भन्न पाए न निर्धक्क हिँडडुल गर्न । प्रहरी हिरासत र कारागारका चिसा छिँडीमै उनले जीवनको उत्तरार्द्ध बिताउनुपर्‍यो । नेत्रविक्रम चन्द नेतृत्वको तत्कालीन प्रतिवन्धित माओवादीमा लागेको भन्दै उनी प्रहरीबाट ८ पटकसम्म पक्राउ पर्ने र छुट्ने क्रम चलिरह्यो ।

यतिसम्मकै अदालतले धरौटीमा छोड्न आदेश दिन्थ्यो तर जगेन्द्रसँग बुझाउने पैसा हुँदैनथ्यो । जसका कारण उनको जग्गासमेत रोक्का हुँदा परिवारलेसमेत दुख र सास्ती खेपिरहेको थियो । जगेन्द्रले भोगेको जीवनको चिन्ताकै कारण गएको कात्तिकमा उनकी श्रीमतीको मृत्यु भइसकेको वेदना परिवारसँग थियो ।

त्यसको २ महिनापछि जगेन्द्रको परिवारलाई अर्को वज्रपात पर्‍यो । अदालतले छाड्न आदेश दिएलगत्तै जगेन्द्र ९ औंपटक पक्राउ परी जिल्ला कारागार पर्वतमा थिए । विभिन्न मुद्दामा पक्राउ पर्दै-छुट्दै आएका जगेन्द्र अभद्र मुद्दामा दोषी ठहर भएका जगेन्द्र कारगारमै ढले । ५४ वर्षीय जगेन्द्रलाई उच्च रक्तचापले हानेपछि मंसिर २४ गते अस्पताल ल्याइपुर्‍याइयो । तर, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको भेन्टिलेटरले पनि जगेन्द्रलाई बचाउन सकेन ।

कारागारमै ढलेका जगेन्द्रको उपचारमा परिवार र कारगारबीच पनि समयमै समन्वय हुन पाएन । कात्तिक २९ गते जगेन्द्रले भेन्टिलेटरमा ज्यान गुमाए । प्रतिबन्धित समूहमा लागेको आरोपमा हुर्मत खेपेका जगेन्द्र कारागारबाट घर फर्किन त पाएनन्, मरेपछि पनि उनको शव वेवारिस नै बन्यो ।

जगेन्द्रको मृत्यु भएको अहिले साढे ४ महिना बितिसकेको छ तर उनको देह पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको शवगृहमै छ । जुन पार्टीमा लागेर जगेन्द्रले हुर्मत खेपे, जेल-नेल हुँदै मृत्युवरण नै गरे, अहिले त्यो पार्टी शान्ति प्रक्रियामा आइसकेको छ ।



फागुन २१ गते विप्लव समूह प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारसँग सम्झौता गरेर शान्तिपूर्ण राजनीतिमा फर्किइसकेको छ । तर, त्यही समूहका तत्कालीन म्याग्दी जिल्ला जनसरकार प्रमुख जगेन्द्र भने शवगृहमै अलपत्र छन् ।

कारागारमै ढलेका जगेन्द्रको उपचारमा ढिलाइ गरिएको, अस्पताल ल्याउनुपर्नेमा कारागार सार्ने प्रक्रियामा लागेर हेलचक्र्याइँ गरिएको र नियत राखेरै ज्यान गएको भन्दै उनको परिवारले शव बुझ्न मानेनन् । घटनाको अनुसन्धान गरेर न्याय दिलाउन माग गर्दै जगेन्द्र परिवारले मानव अधिकार आयोज, इन्सेक लगायतको संस्था पनि गुहार्‍यो ।

घटनाको यथार्थ सार्वजनिक भएपछि मात्रै शव बुझ्ने भनेर म्याग्दी गएका परिवार अहिलेसम्म पनि पोखरा फर्किनन् । जगेन्द्रको मृत्युबारे न राज्यले जिम्मेवारी लियो न परिवारले नै शव बुझे । 'थुनामै रहेका जगेन्द्रको उपचारका लागि कारागार पर्वत र कास्की समन्वय गर्नुपर्ने भएकाले विभागकै समन्वयमा हामीले बुझेका थियौं,' कास्की कारागारका जेलर केशव लामिछानेले भने, 'अप्रेसन गर्न जिम्मा लिने मान्छे नै भएनन्, त्यो बेला । बिरामीको अवस्था गम्भीर भएपछि भेन्टिलेटरमै राख्नुपर्‍यो तर बचाउन सकिएको थिएन ।'

मानव अधिकार आयोग, इन्सेक लगायत संस्थालाई जवाफ पनि लेखेर पठाइएको र अब परिवारले शव नबुझ्ने भए राज्यले नै अन्त्येष्टि गर्ने भनेपछि परिवार सम्पर्कमा आइपुगेको जेलर लामिछानेले बताए ।

सरकारको नियन्त्रणमा रहेका व्यक्ति बिरामी परेर ज्यान गुमाउनुपर्ने अवस्था कसरी आयो त्यसको यथार्थ बताएपछिमात्रै शव बुझ्ने माग आफूहरुले राख्दा राज्यबाटै बेवास्ता गरिएको जेठा छोरा जेठा छोरो तेजेन्द्रको आरोप छ ।

'कुन बेला बिरामी परेर कतिबेला अस्पताल ल्याइएको हो । सुरुमा ढल्दाको अवस्था र अस्पतालसम्म आइपुर्‍याउँदाको यथार्थ बताइदिनुस् भन्ने हाम्रो माग थियो,' तेजेन्द्रले भने, 'उपाचारमा ल्याउनुपर्ने व्यक्तिलाई कारागारतिर दौडाइएको थियो । तर, राज्यले कुनै सुनुवाइ गरेन ।'

राजनीतिक प्रतिशोधकै कारण बुबाको ज्यान गएको र परिवारसँग धेरै पछिसम्म जोडिने विषय भएको तर बेवास्ता गरिएको उनको भनाइ छ । 'कि यो हो भन्नुपर्‍यो । कि दोषीमाथि कारबाही हुनुपर्‍यो । तर, राज्यबाट कुनै पनि रेस्पोन्स नै भएन,' तेजेन्द्रले भने । गृहमन्त्री रामबहादुर थापाले यो विषयलाई राज्य व्यवस्था तथा सुशासन समितिमा पनि उठाएको कास्की जिल्ला कारागारले जनाएको छ । **बाँकी पृष्ठ ४**

# एमालेले गर्‍यो जिम्मेवारी बाँडफाँड

- **स्थायी समिति पनि पुनर्गठन**
- **माधव नेपाल समूहलाई जिम्मेवारीविहीन**



**समाधान संवाददाता**
पोखरा, १० वैशाख

नेकपा एमालेले २ सय ६४ सदस्यीय दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीका सदस्यहरुको कार्यविभाजन गरेको छ । माधव नेपाल पक्षधर केन्द्रीय सदस्यहरूलाई केन्द्रीय कमिटीमा यथावत राखे पनि परिभाषित जिम्मेवारी दिइएको छैन ।

एमाले अध्यक्ष केपी शर्मा ओली समूहका महाधिवेशन आयोजक कमिटीका सदस्यलाई मात्र देशैभरि जिम्मेवारी दिइएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री तथा एमाले सचिव पृथ्वीसुब्बा गुरुङलाई प्रदेश इन्चार्जको जिम्मेवारी दिइएको छ भने यहाँका ११ वटै जिल्लामा पनि जिम्मेवारी तोकिएको एमाले प्रदेश सचिव गोविन्द नेपालीले जानकारी दिए ।

देशभरिजस्तै गण्डकी प्रदेशमा पनि नेपाल समूहका केन्द्रीय सदस्यको नाम यथावत राखिए पनि कुनै जिम्मेवारी तोकिएको छैन । श्रीनाथ बराल, चूडामणि जंगली, श्रीमाया थकाली, तुलबहादुर गुरुङ, सीता गिरी ओलीको नाम केन्द्रीय कमिटीमा रहे पनि जिम्मेवारीमा खाली राखिएको छ ।

उनीहरू पार्टीको मूलधारमा फर्किएपछि उपयुक्त जिम्मेवारी दिइने अध्यक्ष केपी शर्मा ओलीले बताएका छन् । विष्णु पौडेल, शंकर पोखरेल र टोपबहादुर रायमाझी सम्मिलित कार्यदलले दिएको सुझावका आधारमा शुक्रबारको केन्द्रीय कमिटी बैठकले जिम्मेवारी हेरफेर गरेको हो ।

### गण्डकी प्रदेशमा दिइएको जिम्मेवारी

| नाम | जिम्मेवारी |
|---|---|
| पृथ्वीसुब्बा गुरूङ | इन्चार्ज, गण्डकी प्रदेश |
| जगत विश्वकर्मा | अध्यक्ष, गण्डकी प्रदेश<br>इन्चार्ज, पर्वत |
| किरण गुरूङ | सहइन्चार्ज, गण्डकी प्रदेश<br>इन्चार्ज, वैदेशिक रोजगार सम्बद्ध संगठन |
| पद्माकुमारी अर्याल | सहइन्चार्ज, गण्डकी प्रदेश<br>प्रमुख, कृषि तथा भूमिसुधार विभाग |
| लीलबहादुर थापा | सहइन्चार्ज-गण्डकी प्रदेश |
| गोविन्दबहादुर नेपाली | सचिव, गण्डकी प्रदेश<br>इन्चार्ज, मुस्ताङ |
| मानबहादुर जिसी | इन्चार्ज, कास्की |
| मायानाथ अधिकारी | इन्चार्ज, लमजुङ |
| मनाकुमारी केसी (जिसी) | इन्चार्ज, बागलुङ |
| रामशरण बस्नेत | इन्चार्ज, गोरखा, मनाङ |
| भूपेन्द्रबहादुर थापा | म्याग्दी |
| एकबहादुर रानामगर | इन्चार्ज-तनहुँ |
| सीताकुमारी सुन्दास | इन्चार्ज, स्याङ्जा<br>इन्चार्ज, जिल्ला समन्वय महासंघ |
| तिलक महत | नवलपुर |
| भीम कार्की | इन्चार्ज, पोखरा महानगरपालिका |

अध्यक्ष केपी शर्मा ओली स्कूल विभाग प्रमुख र महासचिव ईश्वर पोखरेल उपत्यका विशेष कमिटीको इन्चार्ज तोकिएका छन् । त्यस्तै विष्णु पौडेल संगठन विभाग प्रमुख भएका छन् । रामबहादुर थापा 'बादल' वागमती प्रदेश इन्चार्ज तथा राष्ट्रिय सुरक्षा प्रवर्द्धन विभागको प्रमुख बनेका छन् । स्थायी कमिटी सदस्यमा समेटिएका वामदेव गौतमलाई पनि अहिले कुनै जिम्मेवारी दिइएको छैन ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शुक्रबारै स्थायी कमिटी पुनर्गठन गरेका छन् । माधवकुमार नेपाल पक्षको अनुपस्थितिबीच बसेको दशौं राष्ट्रिय महाधिवेशन आयोजक समितिको बैठकमा अध्यक्ष ओलीले १९ सदस्यीय स्थायी कमिटी गठन गरेका हुन् ।

उनको स्थायी कमिटीमा नेपाल पक्षलाई समावेश गरिएको छैन । एमाले एकता अभियान चलाएका, तर ओलीले बोलाएको बैठकहरुमा अनुपस्थित रहेका वामदेव गौतमलाई भने राखिएको छ । एमाले अध्यक्ष ओलीले बनाएको स्थायी कमिटीमा पार्टीमा समानन्तर गतिविधि गर्दै आएको माधवकुमार नेपाल समूहलाई भने स्थान दिइएको छैन ।

नवौं महाधिवेशनबाट निर्वाचित एमालेको स्थायी कमिटीमा झलनाथ खनाल र माधवकुमार नेपाल वरिष्ठ नेता थिए भने युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र भीम रावल उपाध्यक्ष, घनश्याम भूसाल उपमहासचिव र गोकर्ण बिष्ट, भीम आचार्य र योगेश भट्टराई सचिव थिए । सुरेन्द्र पाण्डे र बेदुराम भुसाल स्थायी कमिटी सदस्य थिए ।

अनुशासन आयोगका अध्यक्ष अमृत बोहरा पनि पदेन स्थायी कमिटी सदस्य थिए । साबिकको नेकपामा रघुजी पन्त पनि स्थायी कमिटीमा थिए । तर, उनीहरु कसैलाई पनि स्थायी कमिटीमा राखिएको छैन ।

२३ फागुनमा सर्वोच्च अदालतले नेकपाको एकता खारेज गर्दै एमाले र माओवादी केन्द्र ब्यूँताएको थियो । २८ फागुनमा आफ्नो समूहका नेताहरुको बैठक राखेर अध्यक्ष ओलीले आफू र महासचिव ईश्वर पोखरेलबाहेक एमालेका पदाधिकारी हटाए भने स्थायी कमिटी खारेज गरेर दशौं राष्ट्रिय महाधिवेशन आयोजक समिति बनाएका थिए । तर अहिले आफ्नो समूहका नेताहरुलाई मात्र राखेर १९ सदस्यीय स्थायी कमिटी बनाइएको छ ।

**स्थायी कमिटी सदस्यहरू**

- वामदेव गौतम
- ईश्वर पोखरेल
- रामबहादुर थापा 'बादल'
- ईश्वर पोखरेल
- विष्णुप्रसाद पौडेल
- किरण गुरूङ
- टोपबहादुर रायमाझी
- मणिचन्द्र थापा
- लेखराज भट्ट
- छविलाल विश्वकर्मा
- प्रदीप ज्ञवाली
- पृथ्वीसुब्बा गुरूङ
- रघुवीर महासेठ
- विष्णु रिमाल
- सत्यनारायण मण्डल
- शंकर पोखरेल
- सुवास नेम्वाङ
- केशव बडाल
- पुष्पराज कँडेल



# विज्ञानले बदलेको विश्व

'हामीलाई अहिले जे थाहा छ त्यो थोपा हो, जे थाहा छैन त्यो महासागर हो', सर आइज्याक न्युटनको शब्दमा ब्रह्माण्डबारेका आजसम्म पत्ता लागेका रहस्यहरू महासागरका केही थोपा मात्र हुन् । ठ्याक्कै भन्न नसकिए पनि करिब पाँच अर्ब वर्षपहिला पृथ्वी उत्पत्ति भएको अनुमान छ । २० लाख वर्षपहिला आधुनिक मानव जातिको उदय भएको पाइन्छ ।

मेसोपोटामियन र चिनियाँहरूले तारापुञ्ज (कन्स्टेलेसन), ग्रहलगायतको चालको अध्ययन गर्दै क्यालेन्डर विकास गरे । चिनियाँले नै अकुपन्चर पद्धतिबाट रोगहरूको उपचार गर्ने गर्थे । अकुपन्चरको प्रयोग आज पनि भइरहेकै छ । यता, हिन्दुहरू जडीबुटीको प्रयोग गरी रोगको उपचार गर्ने गर्थे र गर्छन् । प्राचीन कालमा मानिसले आकाशका ग्रह, उपग्रह र तारापुञ्जको चालका आधारमा बाह्र राशिको प्रयोगलाई प्रचलनमा ल्याए । मानिसमा तिनीहरूको असरबारे विश्लेषण गर्ने प्रयास गर्दै त्यसमा विश्वास गर्न थाले । यो विश्वास हाम्रो पूर्वीय समाजमा अद्यावधि कायम छ ।

ग्रिक दार्शनिक एरिस्टोटलले मानव सभ्यतामा वैज्ञानिक चेत निर्माण गरिदिए । उनको नौलो र तार्किक सोचकै कारण त्यति बेलाको समाज उनकै विचारबाट प्रभावित भयो । २४०० वर्षअघि उनले पृथ्वी चेप्टो होइन गोलो छ भन्ने तर्क दिए । 'पृथ्वी, सूर्य, चन्द्रमा स्थिर छैनन् । पृथ्वी केन्द्रमा छ र यसलाई सूर्य र चन्द्रमाले परिक्रमा गर्छ', एरिस्टोटलको यस्तो अनौठो विचारले तत्कालीन समयमा ठूलो प्रभाव जमायो । सोह्रौं शताब्दी अघिसम्म मानव जातिले खास वैज्ञानिक चेतना, सोच र तर्कको विकास गर्न सकेन । त्यो बेलासम्म एरिस्टोटलकै विचारधारामा मानव जाति प्रभावित भयो ।

**विज्ञानको जग**

विद्यार्थी जीवनमा इटालीका बहुप्रतिभाशाली व्यक्ति लियोनार्दो दा-भिन्सीको छोटो जीवनी अध्ययन गरियो । नेपाली पढाउने शिक्षकले भिन्सीले उल्टो लेख्ने अर्थात्, कापीमा लेखेको अक्षरलाई ऐनाले जसरी उल्टो देखाउँछ त्यसरी लेख्ने गर्थे भनेर सुनाउँदा विद्यार्थी अचम्मित बनेका थिए । उल्टो लेख्न जान्यो भने भिन्सीजस्तै ठूलो भइन्छ कि भनेर दुईचार दिन केही साथीले उल्टो लेख्ने कोसिस गरे ।

पन्ध्रौं शताब्दी चल्दै थियो । भिन्सी भन्नेबित्तिकै धेरैको दिमागमा मोनालिसाको मुस्कान आउँछ । तर, भिन्सीको प्रतिभा धेरै क्षेत्रमा छताछुल्ल हुन थाल्यो । उनमा मान्छेको शरीरलाई चिरेर शरीरभित्रका अंगहरूको अध्ययन गर्ने हुटहुटी पलायो । भिन्सीले फोक्सो, मुटु, खप्पर, प्रजनन अंगको बनावटलाई आफ्नो 'पेन्टिङ'मा उतारे । त्यसपछि मान्छेमा आफ्नो शरीरप्रति नयाँ जिज्ञासा पलायो । उनले मान्छेको मात्रै होइन, जनावरको समेत शरीर चिरेर तिनीहरूको अंगको बनावटलाई पनि आफ्नो कलामा उतारिदिए ।

भिन्सीले जहाज, हाइड्रोलिक मेसिन, गाडी, पिँध्ने मेसिन तथा पुलको काल्पनिक चित्र उतारेर मान्छेको कल्पनाशीलतामा लागेको चाबीलाई खोलिदिए । अर्थात्, भिन्सीले कला र विज्ञानको संयोजन गरे । उनले छोडेका कल्पनाले आउँदै गरेका वैज्ञानिकको मस्तिष्कलाई झक्झक्याइदियो । कैयौं वैज्ञानिक आविष्कारका लागि उनले छोडेका नोट वरदान साबित भए । सोह्रौं शताब्दीमा कोपर्निकसको उदयले बौद्धिक क्रान्तिमा लागेको अर्को ताला खोल्यो । उनले अन्तरिक्ष विज्ञानमा गहन अध्ययन गर्दै पहिलोपटक एरिस्टोटलको विचारमाथि खण्डन गरिदिए, 'पृथ्वी होइन, सूर्य केन्द्रमा छ र सूर्यलाई पृथ्वीलगायत ग्रहले परिक्रमा गर्छन् ।'

गह्रौं र हलुका वस्तुमध्ये गह्रौं वस्तु छिटो खस्छ भन्ने मान्यतामाथि ग्यालिलियोले शंका गरेर भनिदिए, हावाको अनुपस्थितिमा माथिबाट खसाउँदा यी दुवै एकैसाथ खस्छन् । यो प्रमाणित गर्न उनले दुईवटा बल छड्के सतहमा खसाएर देखाइदिए । पछि यो विचार वैज्ञानिक रूपमै प्रमाणित भयो । ग्यालिलियोले पिसाको टावरबाट वस्तु खसाएको नभई छड्के सतहबाट खसाएको धेरै अध्ययनले देखाएका छन् ।

ग्यालिलियोले आविष्कार गरेको टेलिस्कोपले चन्द्रमालाई हेर्दा चन्द्रमामा ठूला ठूला पहाड, वृहस्पतिको वरिपरि घुमिरहेका उपग्रह, सूर्यको सतहमा धब्बा भेटिएपछि अन्तरिक्ष थप रहस्यमय बन्यो । 'मिल्की वे' ग्यालेक्सीमा अनेकौं तारा देखिएपछि ब्रह्माण्डको सीमा अनन्त छ भन्ने बुझ्न कठिन भएन । हामीलाई अहिले थाहा छ, यही ग्यालेक्सीमा हाम्रो सौर्यमण्डल छ । केप्लरले कोपर्निकसको सूर्य केन्द्रित सौर्य मण्डललाई थप विकसित पार्दै ग्रहहरूको चालसम्बन्धी नियमहरू प्रतिपादन गरे । यिनै नियम न्युटनको गुरुत्वाकर्षण सिद्धान्त प्रतिपादन गर्न सहयोगी सिद्ध बने ।

**न्युटनको उदय**

सर आइज्याक न्युटन प्रयोगात्मक र गणितीय रूपमै निकै प्रतिभाशाली व्यक्ति थिए । उनको अवतरणले विज्ञानले नयाँ दिशा प्राप्त गर्‍यो । न्युटनले रहस्यमय प्राकृतिक ज्ञानको महासागरबाट उनकै शब्दमा 'एक थोपा ज्ञान' विश्वलाई दिए । उनको पुस्तक 'म्याथमेटिकल प्रिन्सिपल्स अफ नेचुरल फिलोसोफी' सन् १६८७ मा प्रकाशित भएपछि संसारभर तरंग ल्याइदियो । उनको विश्लेषणले कोपर्निकस, केप्लर र ग्यालिलियोलाई सत्य साबित गराइदियो ।

न्युटनको टाउकोमा स्याउ खस्यो वा खसेन यसै भन्न सकिने अवस्था छैन । स्याउ खसेकै भए पनि यस घटनाभन्दा अघि नै उनले गुरुत्वाकर्षणबारे सोच्न थालिसकेको कुरामा कैयौं विद्वान् विश्वास गर्छन् । जे होस्, उनको चालसम्बन्धी नियम र गुरुत्वाकर्षणको सिद्धान्तले ब्रह्माण्डबारेको व्याख्यामा नयाँ दिशा दियो । न्युटनले क्याल्कुलसको आविष्कार गरे, जुन गणित आधुनिक भौतिक विज्ञानको विकासको आधार बन्यो । न्युटनले प्रकाशका किरणमा लुप्त सात रङ्को रहस्योद्घाटन गरिदिएपछि वैज्ञानिक नियमहरूको आविष्कारका लागि प्रयोगको आवश्यकता र औचित्य पुष्टि भयो ।

न्युटनको किताबको प्रकाशनपछि विश्वमा वैज्ञानिक सूचना र चेतना बढ्दै गयो । विज्ञानबारेका संस्थाहरू क्रमशः खुल्न थाले । सन् १६६० मा लन्डनमा 'रोयल सोसाइटी' र १६६६ मा पेरिसमा 'एकेडेमी अफ साइन्सेज' स्थापना भयो । न्युटन रोयल सोसाइटीको अध्यक्षमा नियुक्त भए । 'सर' को उपाधि प्राप्त गरी सर आइज्याक न्युटनको नामबाट विश्वव्यापी रूपमा चिनिए ।

औद्योगिक क्रान्तिको सुरुआत

जेम्स वाटले पुरानो संरचनाको वाष्प इन्जिनलाई नयाँ रूप दिए । वाष्प इन्जिनको उनको आविष्कारले यातायात र औद्योगिक क्षेत्रमा चमत्कार नै ल्याइदियो । त्यति बेलासम्म ताप, प्रकाश, विद्युत् र चुम्बकमा शक्ति अन्तर्निहित हुन्छ भन्ने अनुमान गरे पनि पत्ता लागेको थिएन । सन् १७७० को दशकमा कोलम्बले विद्युतीय र चुम्बकीय शक्ति मापन गर्ने यन्त्र 'टोर्सिन ब्यालेन्स' को आविष्कार गरेपछि यिनीहरूमा निहित शक्ति मापन गर्न सकिने भयो । यही समय अक्सिजन ग्यासलगायत हावाका रहस्यमय गुणहरू पत्ता लागेपछि रसायनशास्त्रको अध्ययन सुरु भयो ।

अठारौं शताब्दीको अन्त्य र उन्नाइसौं शताब्दीको सुरुआततिर विद्युत् र चुम्बकत्वमाथि गहन अध्ययनहरू भए । भोल्टा, गाल्भिनी, फाराडे, ओहमजस्ता वैज्ञानिकले यी दुई शक्तिबीचको अन्तर्सम्बन्ध र एकता पत्ता लगाए । यसकै जगमा जेम्स म्याक्सवेलले 'इलेक्ट्रोम्याग्नेटिजम' भन्ने सिद्धान्त प्रस्तुत गरे । यसअनुसार विद्युत् शक्तिबाट चुम्बकीय शक्तिको विकास गर्न सकिन्छ । यसकै आधारमा इलेक्ट्रोम्याग्नेटको निर्माण गरिँदै आएको छ ।



गोविन्द पौडेल

जेम्स वाटले वाष्प इन्जिन आविष्कार गर्नुअघिसम्म ताप, प्रकाश, विद्युत् र चुम्बकमा शक्ति अन्तर्निहित हुन्छ भन्ने अनुमान गरे पनि पत्ता लागेको थिएन ।

इलेक्ट्रोम्याग्नेट रेडियो, टेलिभिजन, कम्प्युटर, जेनेरेटर, डाइनामोलगायत कैयौं उपकरणमा प्रयोग गरिन्छ ।

**आविष्कारको लहर**

कक्षाकोठामा उट्पट्याङ खालका प्रश्न सोधेको र पढ्न मन नगरेको भन्दै तीन महिनामै उनी स्कुलबाट निकालिए । उनकी आमाले उनलाई घरमै अक्षर चिनाइन्, उनी स्वअध्ययनमा लागे । नजिकको लाइब्रेरीमा जान्थे र घन्टौं अध्ययनमा डुब्थे । उनले ९/१० वर्षको कलिलो उमरमै विज्ञानका ठूलाठूला किताब पढिभ्याए । उनमा अब आविष्कारको भोक बढ्दै गयो । एकपछि अर्को आविष्कारका शृंखला प्रारम्भ गर्न थाले । आफ्ना आविष्कारलाई औद्योगिक रूपमा उत्पादन गरे । आफ्नो नाममा १०९३ वटा वैज्ञानिक आविष्कार दर्ता गरिदिए । प्रयोग र परीक्षणमा नथाक्ने थोमस एल्वा एडिसनले हजारौं प्रयासपछि बिजुलीबत्ती पनि आविष्कार गरिछाडे । यसैकारण कुनै कामको असफलताबाट नभाग्न यिनै वैज्ञानिकको उदाहरण दिइन्छ ।

उन्नाइसौं शताब्दीमा विज्ञान र प्रविधि क्षेत्रमा अनेकौं सिद्धान्त र आविष्कार गरिए । यस बेला खुलेका प्राविधिक स्कुल र कलेजहरूले खोज र अनुसन्धानका लागि प्रेरित गराए । विश्वका सरकारहरूले आविष्कारका लागि वैज्ञानिकलाई आर्थिक अनुदान दिन थाले । प्रकृतिमा उपलब्ध शक्तिबीच सम्बन्ध हुनुपर्छ भन्ने विश्वासका साथ हान्स क्राइस्टिएनले परीक्षणका शृंखला प्रारम्भ गर्न थाले । नभन्दै सन् १८२० मा बिजुलीको तारबाट पठाइएको विद्युतीय शक्तिले चुम्बकीय कम्पासमाथि प्रभाव परेको देखे । यसबाट निष्कर्ष निकाले, विद्युत् र चुम्बकबीच विशेष सम्बन्ध छ । यी दुई शक्ति एकअर्कोमा रूपान्तरण गर्न सम्भव छ ।

यही निष्कर्षलाई सन् १८२० मै माइकल फाराडेको खोजले अझ फराकिलो बनाइदियो । उनले एक शक्तिलाई अर्को शक्तिमा कसरी रूपान्तरण गर्न सकिन्छ भन्ने चिन्तनमा सिंगो जीवन लगानी गरे । फलस्वरूप विद्युतीय शक्तिलाई ताप, प्रकाश वा चुम्बकीय शक्तिमा रूपान्तरण गर्न सकिन्छ भन्ने सिद्धान्तको जन्म भयो । यसकै आधारमा अनकौं यन्त्रको आविष्कारका लागि बाटो खुल्यो । 'कुनै पनि शक्ति, न सिर्जना गर्न सकिन्छ न त नष्ट । मात्र एक शक्ति अर्को शक्तिमा रूपान्तरण हुनसक्छ' भन्ने विश्वव्यापी नियम प्रतिपादन भयो । उदाहरणका लागि बिजुली बत्तीबाट प्रकाश निस्कनु कुनै नयाँ शक्तिको उत्पत्ति भएको होइन, मात्र विद्युत् शक्ति प्रकाश शक्तिमा रूपान्तरण भएको हो । यसलाई विज्ञानका विद्यार्थी 'थर्मोडाइनामिक्सको पहिलो नियम' भनेर पढ्छन् ।

उन्नाइसौं शताब्दीको सुरुआतमा बेलायती रसायन तथा भौतिकशास्त्री जोहन डाल्टनको उदयसँगै परमाणुलाई बुझ्न सकिने भयो । उनका अनुसार परमाणु पदार्थको सबैभन्दा सानो कण हो । डाल्टनकै खोजको आधारमा १८६९ मा डिमिट्री मेन्डेलिभले पेरियोडिक टेबलको जन्म गराए । यो टेबलले तत्त्वहरूको समान र फरक गुणहरूको अध्ययनलाई सरल बनाइदियो । यस्ता खोजबाट तत्त्वबीच अन्तर्क्रिया र रासायनिक प्रतिक्रियाको नियम प्रतिपादन गर्न सकियो ।

वनस्पतिविद् लिनियसले वनस्पति र जनावरको वर्गीकरण गरी वैज्ञानिक नाम दिने प्रणाली सुरु गरे । सन् १८५९ मा लेमार्क र डार्बिनले क्रम विकासको सिद्धान्त प्रतिपादन गरेपछि आस्तिकहरूको निद्रा हराम भयो । डार्बिनको 'ओरिजिन अफ स्पेसिज' पुस्तक प्रकाशित गरेपछि संसारभर हल्लीखल्ली मच्चियो । मानव जातिलगायतका जीव ईश्वरले सृष्टि गरेका हुन् भन्ने त्यति बेलासम्मको मान्यतालाई यो पुस्तकले भत्काइदियो । डार्बिनको विचारले विज्ञान, दर्शन, साहित्य, कला सबै क्षेत्रलाई प्रभावित पार्‍यो । फ्रान्सका लुई पाश्चर र जर्मनीका रोबर्ट कोचले रोगहरू लाग्ने कारक कीटाणु हुन् भन्ने पत्ता लगाए । यी वैज्ञानिकले धेरै रोगका कारण ब्याक्टेरिया हुन् भनेपछि औषधि विज्ञानको क्षेत्रमा क्रान्ति नै आयो । 'पाश्चराइजेसन' पद्धतिले खानेकुरा शुद्ध बनाएर राख्न सकिने भयो । उनले रेबिजविरुद्धको खोपको विकास गरे ।

स्कटल्यान्डका जोहन वाल्कर र जर्मनीका अब्राहम वार्नरले चट्टान र मिनेरल्सको वर्गीकरणले आधुनिक भूगर्भ विज्ञानको जग बसाल्यो । उन्नाइसौं शताब्दीको मध्यतिर भूकम्प र ज्वालामुखीका नयाँ विचारहरू विकास गरिए । टेक्टोनिक प्लेट्स, पहाड र समथर जमिन निर्माणको प्रक्रियाबारे सिद्धान्तको विकास गरिए । ग्रेगर मेन्डलले गुणहरू सर्ने नियम प्रतिपादन गरेपछि वंशाणु र जिनको अध्ययन सुरु भयो । जेम्स वाट्सनजस्ता वैज्ञानिकले डीएनएको बनावटबारे प्रस्ट पारेपछि बीसौं शताब्दीको अन्यतिर 'जेनेटिक इन्जिनियरिङ' सम्भव भयो ।

सापेक्षतावाददेखि अन्तरिक्ष यात्रासम्म

प्रिन्स्टन विश्वविद्यालयले उनका लागि एउटा कुनामा अफिस छुट्ट्याइदियो । अफिसको सहयोगीले सोध्यो, 'तपाईंलाई अफिसका लागि के के चाहिन्छ ?' उनले आफूलाई चाहिने सामानको सूची दिए, 'एउटा डेस्क वा टेबुल, कुर्सी, कापी र पेन्सिल भए पुग्छ ।' अफिसको सहयोगी सूची लिएर फर्किन लाग्दा उनले फेरि थपे, 'अँ साँच्चि ! मलाई एउटा ठूलो डस्टबिन पनि ल्याइदिनू है, फोहोर कागजहरू फ्याँक्न ।' आइन्स्टाइनले पेपर र पेन्सिलको बलमा ब्रह्माण्डबारेका कैयौं रहस्य उद्घाटन गरिदिए । उनलाई कुनै प्रयोगशालाको जरुरत परेन, उनको मस्तिष्क नै उनको प्रयोगशाला थियो । सन् १९०५ मा आइन्स्टाइनले विशेष सापेक्षता र १९१५ मा सामान्य सापेक्षताको सिद्धान्त प्रकाशित गरेपछि वैज्ञानिक जगत्मा पुनः हलचल मच्चियो । उनले न्युटनका सिद्धान्तलाई थप विकसित पारे । पारमाणविक ऊर्जा उत्पादन गर्ने बाटो देखाइदिए । उनकै सिद्धान्तमा टेकेर युरेनियम टुक्र्याएर 'एटम बम' निर्माण गरियो र दोस्रो विश्वयुद्धमा प्रयोग गरियो ।

बीसौं शताब्दीमा सापेक्षतावाद संसारभर चासोको विषय रह्यो । यसलाई पछि वैज्ञानिकहरूले एकपछि अर्को गर्दै परीक्षण गर्न थाले । उदाहरणका लागि, अत्यधिक गुरुत्वाकर्षण बलले प्रकाशको किरणलाई पनि बंग्याइदिन्छ भन्ने सापेक्षतामा लेखिएको सिद्धान्तलाई सन् १९१९ मा वैज्ञानिकहरूले परीक्षण गरे । खग्रास सूर्यग्रहणको बेला अफ्रिकाबाट हेर्दै गर्दा अर्को ताराबाट आएको प्रकाशलाई सूर्यको गुरुत्व बलले बंग्याएको देखेपछि आइन्स्टाइन सही ठहरिए । समय सापेक्ष हुन्छ भन्ने आइन्स्टाइनको मतलाई पनि परीक्षण गरेर हेर्दा सही भेटियो । जसअनुसार दुई जुम्ल्याहा बच्चामध्ये एउटालाई पृथ्वीमा र अर्कोलाई सगरमाथाको टुप्पोमा लगेर राख्ने हो भने पहिलो बच्चाको समय छिटो बित्नेछ र छिटो बूढो भएको देखिनेछ ।

हब्बलको अध्ययनले ब्रह्माण्ड विस्तारवान् भएको भेटिनु बीसौं शताब्दीको महान् खोजमध्ये एउटा थियो । यसको अर्थ, ब्रह्माण्डका ताराहरू एकबाट अर्को टाढा भागिरहेका छन् । हरेक एक अर्ब वर्षमा ५ देखि १० प्रतिशतका दरले ब्रह्माण्डको विस्तार भइरहेको छ । अर्थात्, ब्रह्माण्ड पनि समाप्त हुँदैछ । तर, कम्तीमा पनि अरू लाखौं वर्षसम्म यो समाप्त हुनेछैन । ब्रह्माण्डमा दस खरब 'ग्यालेक्सी' रहेको अनुमान गरिएको छ । ती खरबौं ग्यालेक्सीमध्ये हाम्रो 'मिल्की वे ग्यालेक्सी' एउटा मात्र हो । हरेक ग्यालेक्सीमा एक अर्बभन्दा बढी तारा हुन्छन् । 'मिल्की वे' मा रहेका अरबौं तारामध्ये हाम्रो सूर्य एउटा मात्र हो ।

परमाणुभित्र इलेक्ट्रोन, प्रोटोन र न्युट्रोन कण पत्ता लागेपछि रसायन शास्त्रमा नयाँ अध्याय थपियो । यी तीन कण पनि अझ साना कणहरू क्वार्कबाट बनेका हुन्छन् भनी मुर्रे गेल म्यानले पत्ता लगाएर नोबेल पुरस्कार जिते । सन् १९०५ मा ह्याबरले हाइड्रोजन र अक्सिजनको प्रतिक्रिया गराई एमोनिया ग्यास बनाउने पद्धति विकास गरे । एमोनिया ग्यास युरिया मल बनाउन प्रयोगमा आउँछ । यसपछि रसायनशास्त्रलाई कृषि र औद्योगिकीकरण क्रान्तिमा प्रयोग गर्न थालियो । दर्जनौं नयाँ तत्त्वको खोजी भयो । हजारौं रसायन उद्योग र घरायसी प्रयोजनका लागि पत्ता लाग्न थाले । बाल्यकालमा खेलौना जहाजको गहिरो छाप परेका राइट दाजुभाइले १९०३ मा जहाज उडाएर प्रदर्शनी गरेपछि मानिस हावामा पनि उड्न सक्ने भयो ।

सन् १९५७ मा सोभियत संघले 'स्पुतनिक १' कृत्रिम भू-उपग्रह प्रक्षेपण गरेपछि विश्व अन्तरिक्ष युगमा प्रवेश गर्‍यो । त्यसको १२ वर्षपछि अमेरिकाले अन्तरिक्षयात्री निल आर्मस्ट्रङ र एडविन अल्ड्रिनलाई चन्द्रमाको सतहमा ओराल्न सफल भयो । म्याडम (म्यारी) क्युरीले पति पियारे क्युरीका साथ रेडियम तत्त्व पत्ता लगाइन् । उनको कामले औषधि विज्ञानमा 'एक्स-रे' प्रविधिको विकासमा भूमिका खेल्यो । इतिहासमै पहिलोपटक दुईवटा नोबेल पुरस्कार प्राप्त नारीका रूपमा उनले इतिहास रचिन् । ब्रह्माण्डको उत्पत्तिबारे 'बिग ब्यांग थ्योरी' विकास भयो । त्यसअनुसार सिंगो ब्रह्माण्ड पिनको टुप्पोमा अटाउने कणबाट सुरु भएर आजको विशाल अवस्थामा आइपुगेको हो । ताराहरूले प्रकाश र ताप शक्ति पैदा गर्न छाडेपछि तिनीहरू कालो अवस्थामा देखिन्छन्, जसलाई हामी 'ब्ल्याक होल' भन्छौं । यसको गुरुत्वाकर्षण बल कति धेरै हुन्छ भने प्रकाशको किरण त्यसमा पर्‍यो भने पनि उम्कन पाउँदैन । स्टेफन हकिङजस्ता वैज्ञानिकले 'ब्ल्याक होल'माथि खोज गरे र त्यस्ता पिण्डले 'रेडिएसन' फ्याँक्ने कुरा पत्ता लगाए । उनको पुस्तक 'अ ब्रिफ हिस्ट्री टाइम' प्रकाशित भएपछि हकिङले संसारभर ख्याति कमाए ।

पोलियो रोगले विश्वभर दसौं लाख बालबालिकाको ज्यान लिएको बेला जोनस साल्कले पोलियोविरुद्धको खोप आविष्कार गरेको घोषणा गरे । पोलियोसँगै टिटानास, ठेउला, हेपाटाइटिस, इन्फ्लुएन्जालगायत धेरै रोगको खोपको विकास भयो । यही शताब्दीमा औषधि विज्ञानको विकासमा धेरै महत्त्वपूर्ण उपलब्धि भए । मुटुको शल्यक्रियाका नयाँ तरिकाहरू पत्ता लागे । क्यान्सर रोगको उपचारका नयाँ विधि केमोथेरापी, रेडिएसन थेरापीजस्ता पद्धति विकास भए । इन्सुलिनको विकासले डाइबेटिज रोगीको आयु लम्ब्याइदियो । परिवार नियोजनको साधनको विकासले जनसंख्या नियन्त्रण गर्न सहयोग पुर्‍यायो । सत्तरीको दशकमा मोबाइल फोन निर्माण भयो र इन्टरनेटको विकास भयो ।

**एक्काइसौं शताब्दीको संकेत**


आम मानिसको कल्पनाभन्दा बाहिरका प्रविधिसँगै एक्काइसौं शताब्दी सुरु भएको छ । सन् २००४ मा हार्वर्ड विश्वविद्यालयका विद्यार्थी मार्क जुकरवर्गले फेसबुक सुरुआतको घोषणा गरे । फेसबुक, ट्विटरजस्ता सामाजिक सञ्जालको विकासले संसारका मानिसलाई एउटै कोठामा सँगै बसालेको छ । इन्टरनेट, स्मार्टफोन र रोबोटिक्सको नयाँ दुनियाँमा संसार बदलिएको छ । उद्योग, बैंक, कम्पनी तथा निर्माण कार्यमा मानिसले गर्ने काम रोबोटले गर्न थालेका छन् ।

'आर्टिफिसियल इन्टेलिजेन्स' विकासको प्रतिस्पर्धा यही गतिमा अगाडि बढ्यो भने मानिसको सोच, क्षमता र बौद्धिकतामाथि यी प्रविधि हावी भएर मानिसलाई बेकारको बनाइदिन सक्ने चिन्ता पनि प्रकट हुन थालेका छन् । उहिल्यै आइन्स्टाइनले संकेत गरेको गुरुत्वाकर्षण तरंग २०१५ मा पहिचान गर्न सकेपछि वैज्ञानिकहरूमा उत्साह थपियो । यसले ब्रह्माण्ड बारेका थप रहस्य पत्ता लगाउन बाटो खोल्ने वैज्ञानिकहरूको अपेक्षा छ । मंगल ग्रहमा पानी पत्ता लागेको घोषणासमेत गरिसकिएको छ । पृथ्वीबाहेकका आकाशीय पिण्डमा सम्भावित सजीव वस्तुको खोजमा अनुसन्धानहरू जारी छन् । एचआईभी संक्रमित मानिसको आयु लम्ब्याउन सकिने 'एन्टिरेट्रोभाइरल' औषधिको विकास गरिएको छ । मानिसको अनुहारसमेत प्रत्यारोपण गर्न सकिने पद्धति विकास भएपछि नराम्रो अनुहार लिएर जन्मनु परेका, डढेका, पोलेका र काटेका अनुहार लिएर बाँच्न बाध्य मानिसका लागि वरदान साबित भएको छ ।

क्रोमोजोमभित्रको 'डीएनए' ले वंशाणुगत गुण सार्ने गर्छन् । 'डीएनए' भित्र पनि 'जिन' हरू हुन्छन् । यी जिनले प्राणीको आँखा, छालाको रङ, स्वभाव, शारीरिक बनावट, उत्पादकत्वलाई निर्धारण गर्ने गर्छन् । प्राणीको भ्रूण अवस्थामै डीएनएको जिन हेरफेर गर्न सकिने 'जेनेटिक इन्जिनियरिङ' प्रविधि सुरु भएको शताब्दीमा हामी छौं । जेनेटिक इन्जिनियरिङ अमेरिकन जैव-रसायनशास्त्रीहरूले सन् १९७० को दशकमा सुरु गरे । यो प्रविधिअनुसार प्राणी र वनस्पतिको जिनलाई प्रयोगशालामा 'एडिटिङ' गरिन्छ । यो प्रविधि मानिसका लागि हर्मोन, एन्टिबडी, खोप निर्माणमा प्रयोग भइरहेको छ ।

कृषि र पशुपालनको क्षेत्रमा आवश्यक गुण भएका अन्नबाली र पशुपालन उत्पादनमा प्रयोग भइरहेको छ । चिनियाँ वैज्ञानिकले सन् २०१८ मा पहिलोपटक मान्छेको जिन एडिटिङ गरेर बच्चा उत्पादन गरे । यद्यपि यो प्रक्रिया विरोधाभासपूर्ण भएको थियो । किनकि जेनेटिक इन्जिनियरिङ मान्छेमाथि प्रयोग गर्ने भन्ने सम्बन्धमा प्राकृतिक, नैतिक र कानुनी प्रश्नहरू छन् ।

## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

मेष ■ योजना बनाएर अगाडि बढ्नु होला,अल्प लाभ ।
वृष ■ इज्जतको ख्याल राखेर काम गर्दा राम्रै हुनेछ ।
मिथुन ■ पूर्वान्हमा काम बन्ने अपरान्हमा रोकिने ।
कर्कट ■ कार्य प्रगति धिमा गतिमा,व्यापारमा सुधार ।
सिंह ■ लगनशिलता बढाउनु पर्ने,यात्नबाट काम हुने ।
कन्या ■ प्रात:काल प्रतिकुल,मध्यान्हबाट समयमा सुधार ।
तुला ■ काममा ढिला सुस्ति गर्दा घाटा हुनेछ ।
वृश्चिक ■ व्यापारमा सुधार,कार्य क्षमतामा वृद्धि ।
धनु ■ कामले गति समाउने,सहयोगी मन भेटिने ।
मकर ■ पूर्वान्हको तुलनामा अपरान्ह थोरै अनुकुल ।
कुम्भ ■ काममा विस्तारै गतिरोध आउने देखिन्छ ।
मीन ■ पुरान विवादको अन्त्य,नयाँ कामको मेसो ।

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

वर्गीकृत विज्ञापन डिस्प्ले

लाइसेन्स नं. ०१८०७६२ इजाजत नं. २३४४/०६२/०६३
ग्यारेन्टी उपचार
• औषधी बाहेक कुनै पैसा नलाग्ने ।
• साइडफेक्ट नहुने १००% ग्यारेन्टी ।
• बिना अपरेशन पत्थरी पाइल्स
• महिनावारी बिग्रिएको, ग्याष्टिक ।
• बच्चा नहुने (नि:सन्तान)
मिर्गौला, मुटुको भल्व बन्द, प्रेसर, सुगर, नशा, कोलेस्ट्रोल, अल्सर, क्यान्सर आदि सम्पूर्ण दीर्घ रोगहरु।
सञ्जीवनी पञ्चामृत हेल्थ करियर
९८५६०३८२०२, ९८१६६०१०९६
पोखरा-१३, काहुँखोला नि:शुल्क योग ध्यान शिविर
निको नहुने रोग भएमा पहिल्यै हुँदैन भनिने छ ।

रेष्टुरेन्ट बिक्रीमा
अति व्यस्त पोखरा-८, न्यूरोडमा रहेको रेष्टुरेन्ट तु-बिक्रीमा छ ।
घरभाडा सम्झौता एवं मूल्य आपसी समझदारीमा हुनेछ।
आवश्यकता :
किचन हेल्पर- १ जना
डिसवासर- १ जना
मो: ९८०६६२२२४२
प्रोपाइटर जीवन शर्मा

आवश्यकता
ड्राइभर- २ जना
(मिनी लाइसेन्स भएको)
हेल्पर- २ जना
मार्केटिङ्का लागि- १ जना
(मोटरसाइकल लाइसेन्स भएको)
- आफ्नै साधन भएकोलाई प्राथमिकता दिइने छ ।
तलब: आपसी समझदारीमा ।
सम्पर्क: ९८५६०१३३६०, ९८०६५११५४४

घर जग्गा बिक्रीमा
पोखरा वडा नं. १०, रामबजार स्थित सेन्टर ठाउँमा आकर्षक घडेरी तथा घर बिक्रीमा छ ।
(घर पुरानो भएकोले मुल्य नहुने जग्गाको मात्रै मुल्य हुने)
सम्पर्क नं.: ९८०६७२८९१८

कर्मचारी आवश्यकता
ड्राइभर (मिनी गाडी)- २ जना
सेल्स मेन- २ जना
हेल्पर- ३ जना
सेल्स गल्स- ३ जना
एकाउन्टेन्ट- १ जना
सम्पर्क:
अमिस ट्रेडर्स, गगनगौडा
९८५६०-२१९२३, ९८५६०-६१९२३

अर्जेन्ट चाहियो
अफिसको लागि
साधारण लेखपढ- ३ जना
SLC - 5 जना
+2 above - 8 जना
ल.तलब: १३,५०० देखि २१००० सम्म
बगर नालामुख
सम्पर्क: 9825126111, 9805821072
9846381661, 9846647627

तु आवश्यकता
एक प्रतिष्ठित उत्पादनमूलक उद्योगका लागि कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला ।
महिला, पुरुष : केही
योग्यता : साधारण लेखपढ
सम्पर्क :
९८५६०२३०१४, ०६१-५३५५२०

Exchange Offers
कुनै पनि ब्राण्डको पुरानो टिभी, फ्रिज, वासिङ मेसिन ल्याउनहोस्, नयाँ टिभी, फ्रिज, वासिङ मेसिन लैजानुहोस् ।
यो योजना सीमित अवधिको लागि मात्र ।
सम्पर्क: यूपि इलेक्ट्रोनिक्स
पृथ्वीचोक, पोखरा
9829119531

Vacancy
Well experienced, Professional, Smart & good personality staff required for a reputed restaurant.
1) Cashier-1 (5 Years Exp.)
3) Bakery Chef-1 (5 Years Exp.)
4) Waiter Captain -1 (5 Years Exp.)
5) Waiter- 2 (5 Years Exp.)
6 Chinese Chef-1 (5 Years Exp.)
7) Delivery Boy- 1 (License Holder)
Salary: Attractive
Contact: Iblues Restaurant
9846043005, 61-528904
Email: lok_thapa5@yahoo.com

तु आवश्यकता
कुक हेल्पर महिला- १ जना
किचन हेल्पर महिला- १ जना
सरसफाइ महिला-१ जना
तलब : १०,००० देखि १५,००० सम्म
खान बस्न मेडिकल रेष्टुरेण्टबाट उपलब्ध हुनेछ ।
सम्पर्क :
9806764188, 9825100946

फेन्सी पसल बिक्रीमा
पोखरा गण्डकी हस्पिटल अगाडि अत्यन्त चालु अवस्थामा रहेको फेन्सी पसल विशेष कारणबस बिक्रीमा छ।
सम्पर्क:
98673-76703, 98466-24853

घर घडेरी आवश्यकता
साविक पोखरा महानगरपालिका क्षेत्रभित्र स्तरिय घर तथा घडेरी आवश्यकता परेको हुँदा इच्छुक जग्गाधनीले सम्पर्क गर्नुहोला ।
सिधा सम्पर्क:
९८०६६-०५५७७
तुरुन्तै पास गर्न सकिने

# कोभिडबाट बँच्न शेरचनको अपिल



पोखरा, १० वैशाख (समाधान)- गण्डकी प्रदेश प्रमुख अमिक शेरचनले कोभिड-१९ को दोस्रो लहर तीव्र रुपमा बढेको भन्दै सर्वसाधारण नागरिकलाई मास्क लगाउन र भीडभाडमा नजान अपिल गरेका छन् ।

समाजसेवी स्वर्गीय जगत्र शेरचन र स्वर्गीय राधा शेरचनको स्मृतिमा शुक्रबार आयोजित शोकसभालाई सम्बोधन गर्दै प्रदेश प्रमुख शेरचनले कोरोना भाइरसबाट बच्न सबैले सतर्कता अपनाउनुपर्नेमा जोड दिए । अत्यावश्यक कामका लागि घरबाहिर जाँदा अनिवार्य मास्क लगाउन आग्रह गर्दै उनले कोरोना भाइरसले कुनै उमेर समूह नछुट्याउने र माया, मोह नराख्ने बताए ।

आफ्नो काका समाजसेवी जगत्र शेरचनको निधनले आफूले अभिभावक र संरक्षक गुमाएको महसुस गरेको भन्दै प्रदेश प्रमुख शेरचनले उनको निधनमा थकाली समुदायले समेत अपूरणीय क्षति व्यहोर्नुपरेको उल्लेख गरे । साथै, आफ्नो भाइ बुहारी राधा शेरचनको अल्पायुमै भएको निधनले आफू मर्माहत भएको बताउँदै उनले शोकलाई शक्तिमा बदलेर परिवारजन अघि बढ्नुपर्ने आवश्यकता औंल्याए ।

न्होर्जोफोवे (कुल) सेवा समिति, भुर्जुङकोट, मुस्ताङले पोखरामा आयोजना गरेको शोकसभामा समाजसेवी प्रान्ति शेरचन, केन्द्र शेरचन, गुप्त शेरचन, गोविन्द गौचन र भीम शेरचनले शोक मन्तव्य व्यक्त गरेका थिए । शोकसभामा शेरचन परिवारका सदस्य, आफन्तजन र थकाली समुदायका अगुवाहरूको उपस्थिति थियो ।

# कास्कीका ५० विद्यार्थीलाई छात्रवृत्ति

**भगवान गिरी**
पोर्चुगल, १० वैशाख

**कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गरिब असहाय र ज्येष्ठ नागरिकको व्यवस्थापन गर्नको लागि आगामी २ वर्ष भित्र आदर्श सेवा सदन बनाउने**

कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद्ले कास्कीका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न आदर्श शैक्षिक कोष खडा गरेको छ ।

कोषको सञ्चालन र व्यवस्थापनको लागि समाजका उपाध्यक्ष सीता बरालको संयोजकत्वमा समिति गठन गरिएको छ । कोषका संयोजक बरालले पहिलो चरणमा पोखरा महानगरपालिका, अन्नपूर्ण, माछापुच्छ्रे, मादी र रुपा गाउँपालिकाका ५० विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिने जानकारी दिइन् ।उनले सबै पालिका, विद्यालय, शैक्षिक संस्थासँगको सहकार्यमा नयाँ शैक्षिक सत्रदेखि नै छात्रवृत्ति प्रदान गर्ने बताइन् ।

**जेष्ठ नागरिकलाई सेवा दिन आश्रम**

कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गरिब असहाय र ज्येष्ठ नागरिकको व्यवस्थापन गर्नको लागि आगामी २ वर्ष भित्र आदर्श सेवा सदन बनाउने भएको छ ।

पोखरा महानगरपालिका वडा नम्बर २६ को पुरानो चौर सामुदायिक वन उपभोक्ता समितिको स्वामित्वको २५ रोपनी जग्गामा करिब २ करोडको लागतमा भवन बनाउन लागेको समाजका महासचिव हंशराज ढकालले जानकारी दिए । उनले ५० जनाको क्षमताको सेवा सदनलाई दीर्घकालिन रुपमा सञ्चालनमा ल्याउन आर्थिक स्थिति राम्रो भएको परिवारसंग ५० प्रतिशत शुल्क लिएर सेवा दिने बताए । उनले आर्थिक स्थिति कमजोर भएका सेवाग्राहीलाई नि:शुल्क सेवा प्रदान गर्ने उनले उल्लेख गरे । उनले समाजले ५० शैयाको गण्डकी प्रदेशस्तरीय अस्पताल बनाउने योजना सुनाए ।

**लगानी बोर्डको अध्यक्षमा तिमिल्सिना**

कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद्ले कास्कीमा लघु जलविद्युत, पर्यटन,खाद्य उद्योगको क्षेत्रमा लगानी गर्न परिषद्का संस्थापक अध्यक्ष पूर्ण तिमिल्सिनाका अध्यक्षतामा लगानी बोर्ड गठन गरेको छ ।

परिषद् समन्वय समितिका अध्यक्ष गोविन्द पौडेलले बोर्डले १ सय बराबरको कित्ता अनुसार विदेशमा रहेका र विदेशमा काम गरी फर्केकाबाट ५० करोड पूँजी बराबरको संयुक्त लगानी कम्पनीको स्थापना गर्ने जानकारी दिए । उनले कम्पनीले पहिलो चरणमा कास्कीमा माछामासुका खाद्य परिकार उत्पादन गरी बिक्री गर्ने बताए । उनले कम्पनीले मुनाफाबाट समाज सेवामा खर्च गर्ने उल्लेख गरे । रासस

# युटर्नको बिक्री केन्द्र बिरौटामा

**समाधान संवाददाता**
पोखरा, १० वैशाख



युटर्न इन्टरनेसल प्रालिको नयाँ बिक्री केन्द्र पोखरा विरौटामा सञ्चालनमा आएको छ । कम्पनीले मौरीजन्य पर्दाथहरु रोयलजेली, प्रपोलिस, विपोलेन, विब्रेड, बी भेनम क्रिम, गुर्जोको जुस, त्रिफला (हर्रोबर्रो अमल) जुस, अमला जुस, भुइँ स्याउको जुस आदि उत्पादन गर्दै आएको छ ।

कार्यक्रममा कम्पनीको उत्पादन र कम्पनीको मार्केटिङ प्लानको विषयममा युर्टन इन्टरनेसलका मार्केटिङ डाइरेक्टर अर्जुन गिरीले बताए । कम्पनी प्लानिङको बारेमा बताउँदै आउँदा दिनहरुमा कम्पनीले लिएको लक्ष्य छिट्टै पूरा हुने उनले बताए ।

कम्पनीले उत्पादन गरेका प्रोडक्टबारेमा युर्टन कोर टिम संयोजक हरिशचन्द्र पौडेलले बोलेका थिए । साथै कार्यक्रममा स्वागत मनत्वय कम्पनीका लिडर प्रताप पौडेल, पर्वत पाखापानी समाजका अध्यक्ष लालबहादुर रेग्मी र कोर टिमका सदस्य दानबहादुर क्षेत्री लगायतले बोलेका थिए । उक्त कार्यक्रम बिरौटा बिक्री केन्द्र प्रमुख सुरेन्दबहादुर रेग्मीको अध्यक्षतामा भएको थियो । कम्पनीले प्रत्यक्ष बिक्री प्रणालीअनुसार कम्पनीबाट उत्पादित वस्तुहरुको बिक्री गर्दै आइरहेको छ । नेपालको प्रचलित कानुन अनुसार वस्तुको प्रत्यक्ष बिक्री ऐन २०७४, प्रत्यक्ष बिक्री नियमावली २०७६ र अन्य नेपालको प्रचलित कानुनको नियमअनुसार २०७७ असारवाट यस कम्पनीले इजाजतपत्र प्रदान गरेको हो ।

# 'आखिर रोज्ने के ?' लोकार्पण

**समाधान संवाददाता**
काठमाडौं, १० वैशाख

योग विज्ञान तथा जीवनशैली प्रशिक्षक डा. राजु अधिकारीको नयाँ कृति 'आखिर रोज्ने के ?' लोकार्पण गरिएको छ । कोभिड-१९ को बढ्दो दोस्रो लहरका कारण पुस्तक भौतिक रूपमा सार्वजनिक नगरी टेलिभिजनमार्फत लोकार्पण गरिएको हो । उद्यमी एवम् गैरआवासीय नेपाली संघका संस्थापक उपेन्द्र महतो र लेखकले मंगलबार संयुक्त रूपमा पुस्तक लोकार्पण गरे ।

टेलिभिजनमा पुस्तक लोकार्पणका अवसरमा जीवन, जगत्, मानिसका इच्छाआकांक्षा, योग, ध्यान अनि यसको प्रभाव आदिका विषयमा साहित्यकार अमर न्यौपानेले लेखक अधिकारी र उद्यमी महतोसँग अन्तर्संवादसमेत गरे । उक्त अवसरमा लेखक अधिकारीले मानिसको जीवनमा सम्भावना र अवसर प्रशस्त हुँदा जीवनको बाटो रोजाइ र निर्णय ठीक भएन भने त्यो अन्यन्तै दु:खद या परिणामहीन हुने बताए । यसले मानिसलाई दु:खद अवस्थामा पुऱ्याउने उनको भनाइ छ । 'आन्तरिक जीवन र बाह्य जीवनबीचको लडाइँ पनि मानिसको सबभन्दा ठूलो लडाइँ हो । त्यसलाई थोरै भए पनि समाधान दिने जमर्को पुस्तकले गरेको छ,' उनले भने ।

धन र मनमध्ये कुन रोज्ने भन्ने विषयमा पनि उनले पुस्तकमा उल्लेख गरेका छन् । 'मनले चाहेको रोज्दा कहिलेकाहीँ धन पाइन्न,' उनी भन्छन्, 'धनको कुरा रोज्दा कहिलेकाहीँ मन पाइन्न । यसलाई कसरी मिलाउने अर्थात् मन र धनलाई कसरी समन्वय गर्ने भन्ने विषयलाई पनि पुस्तकमा महत्वका साथ सिकाउन खोजेको लेखक अधिकारीले बताए ।

# पूर्व क्याम्पस प्रमुख थापाको निधन

पोखरा, १० वैशाख (समाधान)- पृथ्वीनारायण क्याम्पसका पूर्व क्याम्पस प्रमुख महेन्द्रसिंह थापाको निधन भएको छ ।

क्याम्पसको स्थापना कालदेखिनै इतिहाँसको शिक्षक थापाको ८८ वर्षको उमेरमा मणिपाल शिक्षण अस्पतालमा उपचारको क्रममा बिहीबार राती ११ बजे निधन भएको हो । पोखरा महानगरपालिका वडा नम्बर १ बगर निवासी थापा लामो समयदेखि मुटुको बिरामी थिए । थापाको पार्थिव शरिरको काली खोला र सेती नदिको संगम रिठ्ठाघाट( मणिपाल तल)शुक्रबार दाहसंस्कार गरिएको छ । उनको श्रीमति १ छोरा र ३ छोरी छन् ।

भारतको हिमाञ्जल प्रदेशको भागसूमा जन्मेका थापा, कन्या स्कुलको शिक्षक, तल्कालिन सोल्जरबोर्ड हाइस्कुलको प्रिन्सिपलदेखि लामो समयसम्म पृथ्वीनारायण क्याम्पसको मानविकी संकायको डीन भएर काम गरेका थिए । क्याम्पसका पूर्व प्रमुख थापाको पोखराको शिक्षा र खेलकुदको क्षेत्रमा योगदान छ ।

# जडसूत्रवाद र विसर्जनवादको विरुद्ध लडौं: अधिकारी

**समाधान संवाददाता**
पोखरा, १० वैशाख

नेकपा (एमाले)का नेता खगराज अधिकारीले नेपाली कम्युनिस्ट आन्दोलनको रक्षाका लागि जडसूत्रवाद र विसर्जनवादका विरुद्ध लड्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

नेपाल कम्युनिस्ट पार्टीको ७२ औं स्थापना दिवस तथा १५२ औं लेनिन जयन्तीका अवसरमा नेकपा (एमाले), कास्कीले आयोजना गरेको कार्यक्रममा बोल्दै नेता अधिकारीले जडसूत्रवाद र विसर्जनवाद नेपाली कम्युनिस्ट आन्दोलनमा समस्या बन्दै आएको बताए । पूर्वमन्त्री समेत रहेका नेता अधिकारीले मार्क्सवादको सिर्जनात्मक प्रयोगले मात्रै कम्युनिस्ट आन्दोलन बचाउन सकिने तर्क गरे ।

विभिन्न उतार चढावका बीचबाट नेपालको कम्युनिस्ट आन्दोलन अघि बढेको बताउँदै उनले नेकपामा आएको पछिल्लो विभाजन कुनै सैद्धान्तिक कारण नभइ व्यक्तिगत स्वार्थमा आधारित भएको टिप्पणी गरे । एमाले र माओवादी केन्द्रबीचको एकता सही मनसायले नै भएको जिकिर गर्दै उनले पर्याप्त बहसविना एकता गरिएकाले त्यो टिक्न नसकेको बताए । रिस, आवेग र उत्तेजनाले कम्युनिस्ट पार्टी बनाउन नसकिने भन्दै नेता अधिकारीले नेपाली कम्युनिस्ट आन्दोलनको मूलधार नेकपा (एमाले) नै भएको दाबी समेत गरे ।

द्वन्द्वात्मक भौतिकवादको विकल्प आदर्शवाद हुनै नसक्ने भन्दै उनले गलत कार्यनीतिले रणनीति सफल हुन नसक्ने बताए । जननेता मदन भण्डारीले अघि सारेको विचारले कम्युनिष्ट पार्टीलाई जनतासँग जोड्न सहज भएको भन्दै नेता अधिकारीले नेपालको भूराजनीतिक अवस्थालाई मेल खाने विचार जनताको बहुदलीय जनवाद भएको दाबी पेस गरे ।

नेकपा (एमाले), कास्कीका अध्यक्ष कृष्ण थापाको अध्यक्षतामा भएको कार्यक्रममा सचिव दामोदर वैरागीले पनि बोलेका थिए । कोभिड-१९ को स्वास्थ्य सुरक्षा मापदण्ड अनुसार आयोजित कार्यक्रममा एमालेका जिल्लास्तरका नेता, कार्यकर्ताको उपस्थिति थियो ।

# मोटरसाइकल चालकको मृत्यु

जोमसोम, १० वैशाख (समाधान)- हिमाली जिल्ला मुस्ताङ र म्याग्दीको सीमाना काभ्रेभीरमा शुक्रबार मोटरसाइकल दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको छ । मुक्तिनाथ दर्शनका लागि मुस्ताङतर्फ आउँदै गरेको ग१८प १५९७ नम्बरको मोटरसाइकल सडकबाट अनियन्त्रित भई १५० मिटर तल कालिगण्डकी खोंचमा खस्दा पोखराका ३८ वर्षीय शिवहरि पौडेलको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक आशीष अधिकारीका अनुसार मुस्ताङतर्फ आउँदै गरेको उक्त मोटरसाइकल गुडिरहेको अवस्थामै अन्दाजी दिउँसो साढे एक बजे अनियन्त्रित भई दुर्घटना भएको थियो । मुस्ताङ आउँदै गरेको उक्त मोटरसाइकलमा चालक एकजना मात्र सवार रहेको बुझिन आएको छ ।

मुस्ताङ र म्याग्दीको अत्यन्तै जोखिमयुक्त प्रवेशद्वार काभ्रेभीर सडकमा मोटरसाइकल दुर्घटना भएको खबर प्राप्त गरेपछि जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीसहितको प्रहरी टोली घटनास्थलमा पुगेको थियो । दुर्घटनपछि घाँसा स्वास्थ्य चौकीको टोली सो स्थानमा पुगेको थियो ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**गण्डकी प्रदेश, पोखरा, नेपाल**

## सूचना ! सूचना !! सूचना !!!

**प्रकाशित मितिः- २०७८/१/११**

गडण्की प्रदेश भित्र विभिन्न स्थानहरुमा सम्बन्धित निकायबाट दर्ता तथा अनुमति नलिई गैर कानूनी रुपमा फर्निचर तथा फर्निसिङ्ग र ग्रिल तथा स्टिल उद्योग लगायतका उद्योग व्यवसायहरु सञ्चालनमा आएको भन्ने गुनासो एवं अनुगमनका क्रममा जानकारी हुन आएको हुँदा यसरी अवैध ढंगबाट उद्योग व्यवसाय सञ्चालन नर्गनु हुन अनुरोध गरिन्छ । औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ३ (१) मा सम्बन्धित निकायमा दर्ता नगराई कुनै उद्योग व्यवसाय स्थापना वा सञ्चालन गर्न गराउन नपाइने व्यवस्थाको प्रतिकुल हुने गरी सञ्चालित यस्ता उद्योग व्यवसायहरु यो सूचना प्रकाशित भएको १ (एक) महिना भित्र सम्बन्धित निकायबाट कानून बमोजिम दर्ता तथा अनुमति लिई सञ्चालन गर्नु गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ । अन्यथा कानुन बमोजिम कारवाही गर्न वाध्य हुने व्यहोरा जानकारी गराईन्छ ।

**नारायण आचार्य**
**निर्देशक**

## पोखरा महानगरपालिका वडा नं. १३ को सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ को बुडुवामा गौडमुख निवासी युराज गुरुङले कि.नं. १९३ र १२१ मा निर्माण गर्न लागेको घरको पूर्व तर्फको कि.नं. १०३/१०१, पश्चिमतर्फको कि.नं. १२३/१२०, उत्तरतर्फ कि.नं. २४ दक्षिततर्फ बाटो (यति चार किल्लाभित्र) को युराज गुरुङको हकभोगका जग्गामा घर निर्माण गर्दा तपाई साँधसदियारा, विद्यालय, अस्पताल तथा अन्य वातावरणीय प्रदूषण हुन्छ/हुँदैन ? कुनै बाधा भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस वडा कार्यालयमा लिखित उजुरी दिनुहोला अन्यथा निवेदनको माग बमोजिम कारवाही अगाडि बढ्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं. १९, चुरुङ्गा स्थित चुरुङ्गा, गौतमथर, भुजेलथर, काँसीपैह्रा मोटरबाटो स्तरउन्नति निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः चुरुङ्गा, गौतमथर, भुजेलथर, काँसीपैह्रा मोटरबाटो**

योजनाको कुल लागत : रु ११,६८,५१२।१५/-
योजना सम्झौता मिति : २०७७/१०/०६
योजना सुरु हुने मिति : २०७७/१०/०८
योजना सम्पन्न हुने मिति : २०७८/०१/३०
योजना सम्पन्न मिति : २०७८/०१/१३
योजना सम्झौता भएको कार्यालय : पोखरा महानगरपालिका
सांसद पूर्वाधार विकास कोषबाट प्राप्त रकम : रु. ९,९३,०००/-
उपभोक्ता (जनसहभागिता) बाट : रु. १,७५,५१२।१५/-

**चेतनाथ गौतम**
अध्यक्ष *तथा*
**चुरुङ्गा, गौतमथर, भुजेलथर, काँसीपैह्रा मोटरबाटो उपभोक्ता समिति**
पोखरा-१९, चुरुङ्ग

पोखरा विश्वविद्यालय
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**स्कूल अफ डेभलपमेन्ट एण्ड सोसल इन्जिनियरिङ्ग**
पोखरा ३०, कास्की ।

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०७८।०१।११)**

पोखरा विश्वविद्यालय स्कूल अफ डेभलपमेन्ट एण्ड सोसल इन्जिनियरिङ्गद्वारा कार्यालय उपकरण खरिद गर्न दोश्रो पटक मिति २०७७१२।०५ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार शिलवन्दी दरभाउ पत्रहरुमा उल्लेखित कार्यालय उपकरणहरुको मूल्यांकन गर्दा कम मूल्य भएका देहाय बमोजिमको शिलवन्दी दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिका लागि छनौट गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| Description | Sealed Q.No. | Selected Supplier | Awarded Amount |
|---|---|---|---|
| Purchase Office Equipment 2077/78 | 1/2077-78 | Elite Infosys Pvt LTD. Pokhara, Kaski | 13,30,000.00 |

पोखरा विश्वविद्यालय
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**स्कूल अफ डेभलपमेन्ट एण्ड सोसल इन्जिनियरिङ्ग**
पोखरा ३०, कास्की ।

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०७८।०१।११)**

पोखरा विश्वविद्यालय स्कूल अफ डेभलपमेन्ट एण्ड सोसल इन्जिनियरिङ्गद्वारा केन्द्रिय पुस्तकालयको लागि उपकरण खरिद गर्न मिति २०७७११।१८ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बोलपत्रहरुमा उल्लेखित उपकरणहरुको मूल्यांकन गर्दा कम मूल्य भएका देहाय बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिका लागि छनौट गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| Description | Contact ID | Selected Supplier | Awarded Amount |
|---|---|---|---|
| Purchase of RFID Sets & Software 2077/78 | NCB/1-2077-78 | Erasoft Solution Pvt. Ltd, Kathmandu | 23,73,000.00 |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**सहकारी रजिष्ट्रारका कार्यालय**
गण्डकी प्रदेश, पोखरा नेपाल

## सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेश, पोखराको सूचना
## सहकारी एकीकरण गर्ने सम्बन्धमा

गण्डकी प्रदेश सहकारी ऐन २०७५, सहकारी नियमावली, २०७६ र सहकारी संघ संस्थाको एकीकरण सम्बन्धी कार्यविधि २०७६ बमोजिम वालिङ न.पा.-०६, स्याङ्जाको श्री नमुना साना किसान कृषि सहकारी संस्था लि. र वालिङ न.पा.-१३, स्याङ्जाको श्री अकलादेवी कृषि सहकारी संस्था लि. बीच एकीकरण स्वीकृतिका लागि सम्बन्धित २ वटै संस्थाको वार्षिक साधारण सभाको निर्णय, एकीकरण शर्त र कार्यविधि, एकीकरण प्रतिवेदन, मूल्यांकन प्रतिवेदन, सम्झौता, दुवै संस्थाको लेखापरीक्षण प्रतिवेदन र तपसिलको विवरण सहित एकीकरणको लागि मिति २०७७/१०/१९ को दुवै संस्थाका अध्यक्षबाट अनुसूची २ बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन प्राप्त भएको र सो बमोजिम उक्त दुई संस्थाहरु एकीकरण गर्ने सम्बन्धमा एकीकरण गर्न गराउन नहुने, नपर्ने वा उक्त संस्थाका शेयर सदस्यहरुलाई एकीकरण कार्य चित्त नबुझ्ने कुनै आधार, कारण भए सोको पुष्टयाई प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेश, पोखरामा निवेदन उजुरी, गुनासो पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। उक्त अवधिभित्र संस्था एकीकरणको सम्बन्धमा निवेदन, उजुरी, गुनासो प्राप्त नभएमा वा उजुरी, गुनासो पर्याप्त नभएमा वा सन्तोषजनक नभएमा प्रचलित सहकारी कानुन बमोजिम एकीकरण सम्बन्धी निर्णय लिइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**एकीकरणको लागि निवेदन दिने संस्थाहरु :**

नमुना साना किसान कृषि स.सं. लि.
शेयर पुँजी : रु. ७५,१९,०००/-
जगेडा कोष : रु. ९६,३१४।०७/-
बचत : रु. ७९,०८,२११.८६/-
कार्यक्षेत्र : वालिङ न.पा. वडा नं. १,, ६ र ८

अकलादेवी कृषि स.सं..लि.
शेयर पुँजी : रु. ४१,९६,०००/-
जगेडा कोष : रु. ३,९९,६२८.६०/-
बचत : रु. ८२,५६,३९५.८४/-
कार्यक्षेत्र : वालिङ न.पा. वडा नं. १०,१२,१३,१४ र गल्याङ न.पा. वडा नं २,३, ७ र ८

**एकीकरण पश्चात कायम हुने सहकारी संस्था**

क. संस्थाको नाम : **अकला नमुना साना किसान कृषि सहकारी संस्था लि.** र संस्थाको ठेगाना वालिङ न.पा. मा रहनेछ ।
ख. नमुना साना किसान कृषि सहकारी संस्था लि. को शेयर पुँजी रु. ७५,१९,०००/- र अकलादेवी कृषि सहकारी संस्था लि. को शेयर पुँजी रु. ४१,९६,०००/- गरी जम्मा शेयर पुँजी रु. १,१७,१५,०००/- रहने ।
ग. नमुना साना किसान कृषि सहकारी संस्था लि. को जगेडा कोष रु. ९६,३१४.०७/- र अकलादेवी कृषि सहकारी संस्था लि. को जगेडा कोष रु. ३,९९,६२८.६०/- गरी जम्मा जगेडा कोष रु. ४,९५,९४२.७६/- रहने ।
घ. नमुना साना किसान कृषि सहकारी संस्था लि. मा जम्मा बचत रकम रु. ७९,०८,२११.८६/- र अकलादेवी कृषि सहकारी संस्था लि. मा जम्मा बचत रु. ८२,५६,३९५.८४/- गरी जम्मा बचत रकम रु. १,६१,६४,६०७.७/- रहने ।
ङ. कार्यक्षेत्र: वालिङ न.पा. वडा नं. १, ६, ८, १०, १२, १३, १४ र गल्याङ न.पा. वडा नं. २, ३, ७ र ८ ।
च. संस्थाको विनियम : नमुना साना किसान कृषि सहकारी संस्था लि. को विनियम लागु हुने ।

**(उदय बहादुर पराजुली)**
सहकारी रजिष्ट्रार
रजिष्ट्रार

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



## बजाजको शून्य अफरमा रोशनलाई १० लाख



पोखरा १०, वैशाख (समाधान)- बजाज कम्पनीले नेपाली नयाँ वर्षमा ल्याएको 'शून्य अफर'मा जनकपुरका रोशन सफिकले १० लाख रुपैयाँ नगद जितेका छन् । त्यही अफरमा बजाजको पोखरास्थित डिलर इच्छाशक्ति अटोमोबाइल्स प्रालिबाट मोटरसाइकल किनेका लेखनाथ निवासी प्रकाश बस्नेतले १ लाख नगद रुपैयाँ प्राप्त गरेका छन् । बस्नेतले इच्छाशक्तिबाट पल्सर १५० टिडी खरिद गरेका थिए ।

यसैबीच पोखरामा जारी बजाज एक्सचेन्ज मेला वैशाख १२ देखि १७ गतेसम्म थप गरिएको छ । बजाज ब्रान्डका मोटरसाइकल तथा स्कुटर किन्दा नगद १० हजारदेखि १० लाख रुपैयाँसम्म पाउने शून्य अफरसहित मेला चलेको छ । इच्छाशक्ति अटोमोबाइल्स प्रालिको बजाज मेलामा कुनै पनि ब्रान्डका मोटरसाइल तथा स्कुटर एक्सचेन्च गर्दा बजार मूल्यभन्दा १५ हजार बढी दिइने प्रबन्धक भगवान बिजुक्छेले बताए । ग्राहकलाई मध्यनजर गर्दै बजाजका मोटरसाइल खरिद गर्दा आकर्षक हेलमेट, लेगार्ड, ब्याग, बाइक कभरसमेत प्रदान गरिएको बिजुक्छेले सुनाए ।

## सुवेदीका किताब पोखराका स्कुलमा पोखरा

पोखरा, १० वैशाख (समाधान)- प्रकाश संस्था किताब चरो नेपालले निकालेको रामबाबु सुवेदीको गीत संग्रह 'धरतीमा जूनकीरी' पोखरा महानगरपालिकालाई हस्तान्तरण भएको छ । डा. सुरेश थापाले व्यक्तिगत खर्चमा उक्त किताब महानगरपालिकालाई प्रदान गरेका हुन् ।

उक्त किताब पोखराभित्रका २०५ वटा सामुदायिक विद्यालयहरुमा पुऱ्याउने गरी डा. थापाले महानगरपालिकालाई प्रदान गरेका हुन् । महानगरको शिक्षा महाशाखा हेम आचार्यलाई डा. बुद्धिबहादुर थापाका छोरा डा. थापाले शुक्रबार ती किताब हस्तान्तरण गरेका थिए । बूढानीलकण्ठ विद्यालय काठमाडौंमा पढेका डा. थापाले आफ्ना गुरु रामबाबु सुवेदीले लेखेका किताब महानगरपालिकालाई उपहार प्रदान गरेका थिए ।

त्यस अवसरमा माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष कर्णबहादुर गुरुङले सुवेदीका किताब बालबालिकाका लागि उपयोगी हुने विश्वास व्यक्त गरे । उक्त किताबको मूल्य ८५० रुपैयाँ छ ।

# आरोही पत्रकारलाई फोटो पत्रकारको सम्मान



**समाधान संवाददाता**
पोखरा, १० वैशाख

फोटो पत्रकार तथा हिमाल आरोही महिला पूर्णिमा श्रेष्ठलाई पोखराका फोटो पत्रकारहरुले सम्मान गरेका छन् । अन्नपूर्ण प्रथम आरोहण गरेर इतिहास रच्दै समग्र फोटो पत्रकारको गौरव बढाउन मदत पुऱ्याएकाले बधाईसहित सम्मान प्रदान गरेको हो ।

फोटो पत्रकार संघ, कास्की र फोटो पत्रकार महासंघ गण्डकी प्रदेशले उनलाई सम्मानपत्र र दोसल्लासहित सम्मान अर्पण गरेको हो । कारोबार दैनिकमा फोटो पत्रकारका रुपमा काम गर्दै आएकी श्रेष्ठ अन्नपूर्ण प्रथम आरोहण गर्ने प्रथम नेपाली महिला पनि हुन् ।

पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, पर्यटन बोर्डका पूर्वसदस्य अग्नि कँडेल, फोटो पत्रकार, कास्कीका अध्यक्ष प्रदीप पौडेल, गण्डकीका अध्यक्ष राम गुरुङले उनलाई सम्मान गरेका हुन् ।

पोखराका अग्रज पर्यटन व्यवसायी गणेश भट्टराईले महिला र त्यसमाथि पनि फोटो पत्रकार भएर हिमाललाई नजिकबाट दृश्यावलोकन गर्दा नेपालको पर्यटन क्षेत्र विश्व बजारमा प्रचार भएको बताए ।

पर्यटन बोर्ड पूर्वसदस्य अग्नि कँडेलले राज्यले सम्मान गर्न नसकेका बेला फोटो पत्रकारले राष्ट्रको गहनालाई सम्मान गरेको भन्दै प्रशंसा गरे । फोटो पत्रकार संघ, कास्कीका अध्यक्ष प्रदीप पौडेलले पत्रकारहरु अरुको फोटो खिच्ने र समाचार लेख्नेमात्रै होइन, आफैं समाचारको विषय बन्ने गरी कीर्तिमान राख्न पनि सक्षम छन् भन्ने कुरा श्रेष्ठले प्रमाणित गरेको बताए ।

संघ गण्डकीका अध्यक्ष राम गुरुङले श्रेष्ठले राखेको कीर्तिमानले समग्र फोटो पत्रकारलाई गौरवान्वित बनाएको बताए । सम्मान ग्रहण गरेपछि उनले सुरुमा फोटो पत्रकार बन्नका लागि सामान्य क्यामेरा किन्न पनि धौधौ परेको अनुभव सुनाउँदै भनिन्, 'सबै हिमाल चढेको

**पूर्णिमा श्रेष्ठ अन्नपूर्ण प्रथम आरोहण गर्ने प्रथम नेपाली महिला हुन् ।**

सुन्दा त्यसको फोटो खिच्दै प्रकृतिसँग रमाउने धोको मेरो मनमा पनि थियो ।'

कसैको सहायतामा बेसक्याम्पसम्म यात्रा गर्ने अवसर मिलेको सम्झँदै श्रेष्ठले त्यहीँबाट फर्केपछि म पनि हिमाल चढ्छु भन्ने मनमा लागेको बताइन् । 'आर्थिक अभाव त छँदै थियो तर सहकर्मीहरुले रुख चढ्न नसक्नेले हिमाल चढ्छु भन्ने ? भन्दै जिस्क्याउँथे,' उनले भनिन्, 'त्यसैले मलाई हिमाल आरोहण गर्ने थप प्रेरणा मिल्यो ।' योसँगै सगरमाथा, आमादब्लम र मनासलु गरी चार हिमाल चढिसकेकी उनले अब धौलागिरि चढ्ने रहर भएको बताइन् ।

कार्यक्रममा फोटो पत्रकार संघ, गण्डकी प्रदेशका महासचिव कृष्णमणि बराल, कास्की सचिव दुर्गा पौडेल, पर्यटन व्यवासायी टीकाराम सापकोटा, पत्रकार सागरराज तिमिल्सिना, नारायण आचार्य, इन्द्र पौडेल, घनश्याम पौडेल, सुरज श्रेष्ठ, युनिश गुरुङ, प्रेम थापालगायतले फोटो पत्रकारहरुको इज्जत पूर्णिमा श्रेष्ठको कीर्तिमानले थपिएको धारणा राखे ।

अन्नपूर्ण प्रथम (८०९१ मि.) आरोहण निकै नै जोखिमपूर्ण मानिन्छ । आरोहण समूहमा पूर्णिमा श्रेष्ठ, माया शेर्पा, शर्मिला तामाङ, पासाङ ल्यामु शेर्पा, दावा याङ्जेन शेर्पा, दावाफुटी शेर्पा थिए । उनीहरुले गत शुक्रबार दिउँसो साढे १ बजे अन्नपूर्ण प्रथमको सफल आरोहण गरेका थिए ।

अन्नपूर्ण प्रथम आरोहणका लागि कठिन भएका कारण अहिले करिब २ सय ५० जना आरोहण गरिसकेका छन् । यो वर्ष मात्रै ६७ जनाले सफल आरोहण गरेका छन् । अहिलेसम्म २४ महिलाले आरोहण गरेका छन् । यो वर्ष मात्रै नेपाली ६ जना र विदेशी ६ जनाले सफल आरोहण गरेका छन् ।

फ्रान्सेली नागरिक मौरिस हर्जोग र लुई म्याकेननले ७० वर्षपहिले अन्नपूर्ण चुचुरोमा पहिलो मानव पाइला टेकेका थिए । उनीहरुले सन् १९५० को जुन ३ तारिख अर्थात् विसं २००७ जेठ २१ गते अन्नपूर्णको सफल आरोहण गरेका थिए ।

### पोखरा स्पोर्टस् अवार्डमा मनोनीत प्रतिभा
# प्रगतिपथमा प्रशंसा

**समाधान संवाददाता**
पोखरा, १० वैशाख




पोखराको सिद्ध मावि, फलेपाटन कक्षा ५ मा पढ्दै गरेकी प्रशंसा क्षेत्रीलाई एक दिन बुबाले तेक्वान्दो सिक्न लगे । शुक्रराज तेक्वान्दो डोजाङमा भर्ना गरिदिए । त्यहाँ प्रशंसाले कृष्ण श्रेष्ठसँग तेक्वान्दो सिक्न थालिन् । त्यस बेला १३ वर्षीया प्रशंसालाई बिस्तारै विभिन्न कौशलले मोह लाग्यो । त्यही मोह पच्छ्याउँदै प्रगतिपथमा हिँडिरहेकी प्रशंसाले दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा स्वर्ण चुमेकी छन् ।

प्रशंसालाई त्यो दिन अझै याद छ, जुन दिन बुबाले उनलाई डोजाङ लगेका थिए । उनी भन्छिन्, 'बुबा अहिले संसारमा हुनुहुन्न । यदि उहाँ भएको भए कति खुसी हुनुहुन्थ्यो होला ।'

सागमा पहिलोपल्ट तेक्वान्दोमा (पुम्से विधा) १३ औं संस्करणदेखि सुरु भएको हो । प्रशंसाले नेपाली झण्डा मुनि खेलेको पहिलो प्रतियोगिता पनि यही नै हो । प्रशंसाले पहिलो सहभागितामै २४-२९ वर्ष उमेर समूहमा टिम इभेन्टतर्फ स्वर्ण जितेर नाम राखेकी छन् ।

प्रशंसाको जन्म २०५१ सालमा स्याङ्जाको हरिनास गाउँपालिका-२ चिसापानीमा भएको थियो । बाबु पिनराज भण्डारी क्षेत्री र आमा धनमाया भण्डारी क्षेत्रीका ४ सन्तानमा उनका १ दाइ र २ भाइ छन् । स्याङ्जाबाट पोखरा बसाइ सरेसँगै उनले सिद्ध माविबाटै एसएलसी उत्तीर्ण गरिन् । जिल्ला, क्षेत्रीय स्तरको प्रतियोगिता जित्दै प्रगतिपथमा अगाडि बढेकी उनले दोस्रो काठमाडौं इन्टरनेशनल गेम्समा स्वर्ण, १२ औं अन्तर्राष्ट्रिय ओपन फ्रेन्डसीप तेक्वान्दो च्याम्पियनसीप, इटहरीमा स्वर्ण, प्रथम एभरेस्ट नेशनल ओपन गेम्समा रजत जितेकी छन् । पछि राष्ट्रिय टिममा परेसँगै इन्डोनेसियामा आयोजित हाम्मादाङ च्याम्पियनसिपमा सहभागिता जनाएकी थिइन् ।

**त्रिभुवन आर्मी क्लबमा आवद्ध प्रशंसाको एसियन तथा वर्ल्ड च्याम्पियनसिपमा भाग लिने लक्ष्य छ**

सुरुआतमा तेक्वान्दोमा क्योरोगीमै फाइटमा भिडिन् । पछि गुरुहरुको सल्लाहमा पुम्से खेल्न थालिन् । हाल त्रिभुवन आर्मी क्लबमा आवद्ध प्रशंसाको एसियन तथा वर्ल्ड च्याम्पियनसिपमा भाग लिने लक्ष्य छ । 'रहरै रहरमा लागियो । तर कठोर मिहिनेत गरिराखेकै छु,' उनी आशावादी बनिन् ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको पाँचौं पोखरा स्पोर्टस् अवार्डमा वर्ष उत्कृष्ट महिलातर्फ मनोनयनमा परेकोमा आफूलाई निकै खुसी लागेको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'राम्रो फिल भएको छ । जन्मस्थल स्याङ्जा भए पनि कर्मथलो पोखरा हो । गण्डकी प्रदेश भनेको मेरो अभिभावक हो ।'

यो विधामा प्रशंसा सहित तेक्वान्दोकै पार्वती गुरुङ र साइक्लिङकी जमुना थापा मनोनयनमा छन् । उत्कृष्टले २ लाख सहित अवार्ड प्राप्त गर्ने मञ्चका महासचिव एवं प्रचार संयोजक विजय नेपालले बताए ।

# डिजिटल भुक्तानी गर्ने १० होटल पुरस्कृत



**समाधान संवाददाता**
पोखरा, १० वैशाख

नगदरहित कारोबार गर्ने पोखराका १० होटल पुरस्कृत भएका छन् । 'यो नयाँ वर्ष जाउँ है पोखरा' अभियानअन्तर्गत पाहुनाबाट फोन-पे क्यूआर कोडमार्फत बिल भुक्तानी गरेकामध्ये १० उत्कृष्ट होटललाई शुक्रबार पुरस्कृत गरिएको हो ।

पश्चिमाञ्चल होटल संघसँग सहकार्य गरेर फोन-पे प्रालिले 'नगद छोडौं, फोन पे गरौं' नारामा डिजिटल भुक्तानी प्रणाली कार्यक्रम अघि सारेको थियो । नयाँ वर्षको अवसरमा गत ३१ चैतदेखि १ वैशाखसम्म ४० प्रतिशत छुट दिइएको थियो । त्यस अवधिमा फोन-पे प्रालिसँग आवद्ध ५५ बैंक तथा वित्तीय संस्थाबाट सबैभन्दा बढी कारोबार गरेका होटललाई फोन-पेले पुरस्कृत गरेको संघका महासचिव गणेशराज पहारीले जानकारी दिए ।

कार्यक्रम अन्तर्गत टीका रिसोट प्रालि प्रथम, द कुटी रिसोर्ट र होटल डेण्डेलिन द्वितीय भएका छन् । त्यस्तै चौतारी बुटिक होटल, होटल लेक सोर, होटल भिलेज इन, होटल क्राउन हिमालयज, फिस्टेल लज, टेम्पल ट्री रिसोर्ट र होटल बाराही तृतीय भएको होटल संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिए । प्रथम एक होटललाई ५० हजार रुपैयाँ, द्वितीय २ होटललाई २०/२० हजार रुपैयाँ र तृतीय ७ होटललाई ५/५ हजार रुपैयाँ प्रदान गरिएको छ ।

सो अवसरमा बोल्दै अध्यक्ष तुलाचनले होटल संचालन कार्यविधिमा निर्दिस्ट रहेको स्वास्थ्य सुरक्षा मापदण्ड अनुरुप नगद भुक्तानी कार्यलाई निरुत्साहित गर्ने अभियानको मुख्य उद्देश्य भएको बताए । कोरोनाले अति प्रभावित पर्यटन क्षेत्रलाई पुन:जागरण गराउन छुट दिएर आन्तरिक पर्यटकहरुको आकर्षण गर्ने अभियानमा आफूहरु रहेको उनको भनाइ थियो ।

टीका रिसोर्ट प्रालिकी सञ्चालक संगीता पौडेलले पुरस्कार प्राप्त हुँदा गौरवको महसुस भएको बताइन् । पर्यटन क्षेत्र अगाडि बढिरहेको सन्देश क्युआर कोड भुक्तानीले दिएको उनको भनाइ थियो । संघका प्रथम उपाध्यक्ष लक्ष्मण सुवेदीले फेवा नव वर्ष महोत्सव हुन नपाए पनि पर्यटकलाई नयाँ वर्षको अवधिमा छुट दिन ल्याएको कार्यक्रम सफल भएको बताए । सरकारको मुख ताक्नुको सट्टा व्यवसायी आफैं तात्नुपर्ने उनले बताए ।

# भाइबर र ह्वाट्स एपबाट ठगी

**सुन्दरकुमार थकाली**
जोमसोम, १० वैशाख

आकाश बर्मा नाम उल्लेख भएका भारतीय व्यक्तिले भाइबर र ह्वाट्स एपबाट पुरस्कार भारु २५ लाख परेको भन्दै मुस्ताङमा १ जना व्यक्तिलाई ठगी गरेका छन् । बर्माको ठगी जालमा परेर मुस्ताङको थासाङ गाउँपालिका बस्ने घीरेन्द्र पटेलले २२ हजार २ सय रुपैयाँ गुमाएका छन् ।

तपाईंलाई २५ लाख भारुको पुरस्कार परेको छ, त्यसको राजस्व बापत लाग्ने रकम पठाइदिनुहोला भन्ने सन्देश बर्माले टुकुचेका धीरेन्द्र पटेललाई पठाएका थिए । त्यस्तो सन्देश भाइबर र ह्वाट्स एपमा आएपछि पटेलले २२ हजार २ सय रुपैयाँ बर्माको एकाउन्टमा जम्मा गरे । त्यसपछि बर्माले ३० लाख रुपैयाँ नेपाली प्रभु बैंकको जोमसोम शाखामा पटेको खातामा पठाएका बताए । उनले पैसा पठाएको भौचरसमेत ह्वाट्स एपमा पठाएका थिए ।

बर्माले पठाएको इभौचर लिएर प्रभु बैंकको जोमसोम शाखामा पैसा झिक्न बिहीबारै हतार/हतार गरी पटेल गए । तर बैंक खातामा रकम जम्मा भएको थिएन । सोमबार धीरेन्द्र पटेलको ह्वाट्स एपमा आकाश बर्मा नाम गरेका व्यक्तिले उनलाई पुरस्कार परेको जानकारी

**आकाश बर्मा नाम गरेका व्यक्तिले पठाएको प्रभु बैंकको नक्कली ई-सेवा भौचर**

गराएका थिए । तर बैंकमा पुरस्कार स्वरुप प्राप्त रकम झिक्न आएका पटेल रकम नआएपछि आफू ठगिएको त्यतिबला थाहा पाए ।

प्रभु बैंक जोमसोमकी कर्मचारी विमला शेरचनका अनुसार भारतीय नागरिक बर्माले प्रभु बैंकको हुबहु मिल्ने नक्कली बैंक भौचर र स्ट्याम्प प्रयोग गरी भाइबर र ह्वाट्स एपमा पुरस्कार ३० लाख नेपाली रुपैयाँ जम्मा गरेको नक्कली इभौचर पटेललाई पठाएको पाइएको छ ।

ठग बर्माले सन् २०२१ अप्रिल २२ तारिखमा प्रभु बैंकको नक्कली भौचर पटेललाई पठाएका हुन् । शेरचनले यसअघि पनि केही व्यक्तिहरु पटेल जस्तै पुरस्कार रकम जम्मा भएको भन्दै बैंकमा धाउने गरेको सुनाइन् ।

भाइबर र ह्वाट्स एपको माध्यमबाट ठगी गर्ने आकाश बर्माले नेपालका विभिन्न व्यक्तिलाई पुरस्कारको प्रलोभन देखाएर ठगी धन्दा गर्न बैंक एकाउन्टर नम्बर माग्ने र बैंक एकाउन्ट नभएका व्यक्तिलाई एकाउन्ट खोल्न लगाउन गरेको बुझिन आएको छ । प्रभु बैंक जोमसोमले भाइबर र ह्वाट्स एप आतंकबाट नेपाली सर्वसाधारणलाई पुरस्कारको प्रलोभन देखाएर ठगी धन्दा चलाउने गरेको र त्यसप्रति नेपालीहरु सचेत रहन सुझाव दिएको छ ।

## भत्काउन गएको...

आफ्नोमात्रै नभई फेवाताल किनारमा बनाइएका सबै संरचना भत्काइनुपर्ने आचार्यको माग छ । सरकारले उचित मुआब्जा दिए जुनसुकैबेला जग्गा छोड्न तयार रहेको आचार्यले बताए । पर्खाल लगाइएको ठाउँमा आचार्य परिवारको करिब १० रोपनी जग्गा छ ।

नागरिक अभियन्ता रामबहादुर पौडेल महानगरले तालको मापदण्ड जतिसक्दो छिटो तोकेर जग्गाधनीलाई उचित मुआब्जा दिनुपर्ने बताउँछन् । 'यहाँ भत्काउने काममात्रै गर्नु हुँदैन । हामी फेवातालको पक्षमा वकालत गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो,' उनले भने, 'पहिला छानबिन गर्नुपऱ्यो । उहाँहरुकै हो भने समयअनुसारको मुआब्जा दिनुपर्छ ।' आफूहरु जग्गाधनीको विरोधमा नरहेको अभियन्ता पौडेलले स्पष्ट पारे ।

२ महिना पहिला सार्वजनिक फेवातालको ४ किल्ला निर्धारण तथा सीमांकन समितिको प्रतिवेदन अनुसार तालको क्षेत्रफल ११ हजार २ सय ५५ रोपनी (५.७२६ वर्ग किलोमिटर) छ । २०६९ सालमा विश्वप्रकाश लामिछाने नेतृत्व समितिले बुझाएको प्रतिवेदनमा फेवातालको क्षेत्रफल १२ हजार ८ सय ७४ रोपनी (६.५४ वर्ग किलोमिटर) रोपनी थियो । ८ वर्षको अवधिमै फेवातालको क्षेत्रफल १६ सय १९ रोपनी घटेको यी २ प्रतिवेदनले देखाउँछन् । अहिले दूषित जग्गा पहिचानको काम हुँदाहुँदै जग्गाधनीले महानगरको आग्रहलाई लत्याउँदै पर्खाल लगाएका हुन् । मापदण्ड तोक्न महानगरले ढिलाइ गर्दा विवाद सिर्जनासँगै धमाधम संरचना बनिरहेका छन् ।

## साढे ४ महिना...

यो विषय जिल्ला र प्रदेशभन्दा पनि संघीय सरकारले हेर्नुपर्ने विषय भएको उसको भनाइ छ । जगेन्द्रको मृत्युपछि गत पुस ३० गते नै पर्वत जिल्ला काराकारमा लगत कट्टा गर्न सिफारिस गरिएको जेलर लामिछानेले जानकारी दिए । धरौटी तिर्न नसकेर रोक्का भएको जमिन पनि फुकुवा त भइसकेको छ तर परिवारले जगेन्द्रको मृत्युको कारण थाहा नपाउँदा शव उठाउन नसकेको गुनासो छ ।

म्याग्दी मालिका गाउँपालिका वडा नम्बर ३ अधिभारामा ९ फागुन २०७६ मा जगेन्द्र पक्राउ परेका थिए । जगेन्द्रलाई अभद्र मुद्दामा घरमा सुतिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो । उनलाई चैत १८ गते १८ हजार रुपैयाँ धरौटीमा रिहा गरियो तर त्यसको लगत्तै गौ-वध मुद्दामा पक्राउ गरिएको परिवारले बताएको छ ।

सो मुद्दामा ५४ हजार धरौटी तिरेर १८ असोज २०७७ मा जगेन्द्रलाई रिहाई गर्ने फैसला भयो । फेरि अभद्र मुद्दामा पक्राउ गरी जगेन्द्रलाई थुनामा राखिएको र १ लाख १८ हजार धरौतीमा रिहाइ गर्ने फैसला भएको परिवारको भनाइ छ । धरौटी तिर्ने रकमसमेत नभएपछि जगेन्द्रको नाममा रहेको जग्गा जिल्ला प्रशासन कार्यालय म्याग्दीको पत्रानुसार मालपोतमा जग्गा रोक्का गरी उनलाई रिहा गरिएको थियो ।

अभद्र मुद्दामा पक्राउ परेका जगेन्द्रलाई जिल्ला अदालत पर्वतले ५४ हजार रुपैयाँ धरौटीमा रिहा गर्ने फैसला गरेको र धरौटी तिर्न नसकेपछि थुनामा राख्ने आदेश भएको परिवारले बताएको छ । अदालतले छाड्ने आदेश दिएर पनि धरौटी तिर्न नसक्दा फेरि जेल चलान भएका जगेन्द्रले घर फर्कनै नपाई मृत्युवरण गरे ।

जिल्ला कारागार कास्कीले शव बुझ्न बोलाएपछि जगेन्द्रका छोरासहित परिवार फेरि पोखरा आइपुगेका छन् । तर, उनीहरुले यथार्थ जानकारी नपाएसम्म शव नबुझ्ने बताइरहेको भए पनि छलफलपछि शनिबार सहमति जुट्ने कास्की जेलर लामिछाने जानकारी दिए । जगेन्द्रका ४ छोरा छन् । राज्यले जवाफ दिन्छ कि निमुखालाई दबाउँछ त्यो पर्खेर बसेको उनीहरुले बताएका छन् ।

# तारापतिको मार्मिक गीत 'घाम चर्केको छ'




**समाधान संवाददाता**
पोखरा, १० वैशाख

पछ्यौरी लिस्यो.. पछि चर्चित मोडलहरु अञ्जली अधिकारी र विमल अधिकारीले अभिनय गरेको गायक तारापति सुवेदीको मार्मिक लोकदोहोरी गीत 'घाम चर्केको छ' को म्युजिक भिडियो भर्खरै बजारमा आएको छ ।

गायक सुवेदीको लय, शब्द र स्वर रहेको गीतमा लोकप्रिय गायिका शान्तिश्री परियारले साथ दिएकी छन् । म्युजिक भिडियोमा मोडल अञ्जली र विमलको दमदार अभिनय रहेको गायक सुवेदीले बताए । उनले गीतमा लय शब्द र स्वर लगायत सबै पक्ष उत्कृष्ट रहेको दाबी गरे ।

'जनवादी, देशभक्तिपूर्ण सन्देशमुलक,मनोरञ्जनात्मक किसिमका गीतहरु मेरो प्राथमिकतामा पर्छन्,' उनने भने, 'स्रोता तथा दर्शकलाई नाच्ने नचाउने भन्दा समय सापेक्ष, देश काल र परिस्थिति अनुसार यसपटक वियोगान्त गीत पस्केको छु ।' उनले अहिलेको सन्दर्भमा युवा युवतीको चाहना, इच्छा पूरा नहुने, माया प्रेममा असफलता भएका घटनालाई भावुक भएर प्रस्तुत गरेको जानकारी दिए ।

उनले नेपाली लोक दोहोरी गीतको मौलिकतालाई जोगाउँदै कलात्मकता र दुवै मोडलको उत्कृष्ट अभिनय रहेको बताए । दीपक अधिकारीले निर्देशन गरेको भिडियोको हरिश महरा छायांकन र प्रकाश धमलाले सम्पादन गरेका छन् । तारापति सुवेदीले आफ्नै यु ट्युब च्यानलबाट गीत सार्वजनिक गरिएको छ ।

श्रमिकको तलब बैंकमार्फत भुक्तानी गरौं,
भुक्तानी प्रणाली पारदर्शी बनाऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com